## राष्ट्रिय मानव अधिकार आयोग

**केन्द्रीय कार्यालयः** हरिहरभवन, ललितपुर, नेपाल

पोष्ट बक्स नं. ९१८२, काठमाडौं, फोनः ०१-५०१००१५,फ्याक्स : ००९७७-१-५५४७९७३

इमेलः nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

**क्षेत्रीय कार्यालयहरूः**

विराटनगर, वरगाछी
फोनः ०२१-४६१९३१, ४६१०९३
फ्याक्सः ९७७-०२१-४६११००

जनकपुर, जनकपुरधाम
फोनः ०४१-५२७८११, ५२७८१२
फ्याक्सः ९७७-०४१-५२७२५०

पोखरा, जयप्रिय मार्ग
फोनः ०६१-४६२८११, ४६३८२२
फ्याक्सः ९७७-०६१-४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोनः ०८१-५२६७०७, ५२६७०८
फ्याक्सः ९७७-०८१-५२६७०६

धनगढी, उत्तर बेहडी
फोनः ०९१-५२५६२१, ५२५६२२
फ्याक्सः ९७७-०९१-५२५६२३

**उपक्षेत्रीय कार्यालयहरूः**

खोटाङ, दिक्तेल, फोनः ०३६-४२०२८४
जुम्ला, जुम्लाबजार, फोनः ०८७-५२०२२२
रूपन्देही, बुटवल, फोनः ०७१-५४६९११


# नेपालमा बालअधिकारको अवस्था

## (वार्षिक प्रतिवेदन, सन् २०११)


राष्ट्रिय मानव अधिकार आयोग
नेपाल

# नेपालमा बालअधिकारको अवस्था

## (वार्षिक प्रतिवेदन, सन् २०११)

**राष्ट्रिय मानव अधिकार आयोग**

**नेपाल**

**आयोगका पदाधिकारीहरू**

**अध्यक्ष**
माननीय केदारनाथ उपाध्याय

**सदस्यहरू**
माननीय रामनगिना सिंह
माननीय गौरी प्रधान
माननीय डा. लीला पाठक
माननीय डा. के. बी. रोकाया

**सचिव**
विशाल खनाल

| | | |
|---|---|---|
| **लेखन** | : | मञ्जु खतिवडा |
| **सम्पादन** | : | वेदप्रसाद भट्टराई |
| | | कैलाशकुमार सिवाकोटी |
| **प्रकाशक:** | | राष्ट्रिय मानव अधिकार आयोग |
| | | हरिहरभवन, ललितपुर |
| | | पो.ब.न. ९१८२, काठमाडौं, |
| | | नेपाल |
| **प्रकाशन मिति** | : | जेष्ठ, २०६९ |
| **संस्करण** | : | प्रथम, १५०० प्रति |
| **प्रतिवेदन न** | : | १०२/१४३/२०६९ के.का. |
| **सर्वाधिकार** | : | राष्ट्रिय मानवअधिकार आयोग, नेपाल |
| **डिजाइन** | : | महेश मान नकर्मी |
| **मुद्रक** | : | एपेक्स प्रिन्टीङ्ग प्रेस प्रा.लि., तीनकुने |
| | | फोन नं. ०१-४१११८११ |
| | | E-mail: press_apex@yahoo.com |

**आयोगको पूर्व-स्वीकृतिबिना यस प्रतिवेदनलाई वौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनको लागि पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।**

# प्राक्कथन

बालबालिकाहरु राष्ट्रका भविष्य हुन् । नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाहरुको रहेको छ । बालअधिकारको लागि बालअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि एवम् त्यससँग सम्बन्धित ऐच्छिक प्रलेखहरु निर्माण हुनुको साथै घोषणा-पत्रहरु पनि जारी भएका छन् । महासन्धि एवम् त्यससँग सम्बन्धित ऐच्छिक प्रलेखहरुको कार्यान्वयनको लागि ऐन-नियमको साथै विभिन्न संयन्त्रहरु निर्माण भएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो स्थापनाकालदेखि नै बालअधिकारलाई प्राथमिकतामा राखी कार्य गर्दै आएको छ । आयोगले आफ्नो क्षेत्राधिकारभित्र रही बालअधिकारको संरक्षण, सम्वर्द्धन एवम् परिपालनको लागि आफ्नो ध्यान केन्द्रित गर्दै आएको छ । सशस्त्र द्वन्द्वको चपेटाबाट बालबालिकाहरुलाई सुरक्षित राख्न आयोगले बालबालिकासम्बन्धी छुट्टै इकाइ गठन गरी कार्यको थालनी गरेको थियो, जुन इकाइ अहिले पनि विद्यमान छ ।

आयोगले हरेक वर्ष बालअधिकारसम्बन्धी सम्पादित गतिविधिहरुलाई संलग्न गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ । सोही अनुरुप यो प्रतिवेदन पनि वार्षिक गतिविधिहरुमा नै आधारित छ । प्रतिवेदनलाई विभिन्न ६ परिच्छेदमा विभाजन गरिएको छ । प्रतिवेदनको पहिलो परिच्छेदमा पृष्ठभूमि, उद्देश्य, तयारी विधि, सीमा र बनोटका सम्बन्धमा चर्चा गरिएको छ । दोस्रो परिच्छेदमा नेपालमा बालअधिकारको अवस्थाका बारेमा व्याख्या गरिएको छ । तेस्रो परिच्छेदमा बालअधिकार संरक्षण र सर्म्वद्धनमा विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संरचनाहरुको सम्बन्धमा उल्लेख गरिएको । त्यसै गरी आयोगबाट बालअधिकारको संरक्षण तथा सर्म्वद्धनका लागि गरिएका अनुगमन, अनुसन्धान र प्रवर्द्धनसम्बन्धी कार्यहरुको विवरण चौथो परिच्छेदमा समावेश गरिएको छ । पाँचौ परिच्छेदमा प्राप्त उजुरीहरुको विवरण, उजुरीहरुका सम्बन्धमा भएका आयोगका निर्णय तथा सिफारिसहरुको जानकारी राखिएको छ । छैटौं परिच्छेदमा बालअधिकार संरक्षणमा प्राप्त उपलब्धि, चुनौती र सरोकारवालाहरुलाई आयोगका विभिन्न सिफारिसहरु समावेश गरिएको छ ।

अतः यो प्रतिवेदन बालबालिकाको क्षेत्रमा कार्यरत सबैका लागि उपयोगी हुनेछ भन्ने अपेक्षा गरिएको छ । आयोग यस प्रतिवेदन निर्माण कार्यमा संलग्न सबैप्रति धन्यवाद व्यक्त गर्दै उपयुक्त सल्लाह एवम् सुझावको अपेक्षा पनि गर्दछ ।

धन्यवाद !

**राष्ट्रिय मानव अधिकार आयोग**

# विषय-सूची


| | |
|---|---|
| | पेज न. |
| परिच्छेद– १ | १ - ३ |
| १. परिचय | १ |
| १.१. पृष्ठभूमि | १ |
| १.२. उद्देश्य | २ |
| १.३. तयारी विधि | २ |
| १.४. सीमा | २ |
| १.५. संरचना | ३ |
| परिच्छेद– २ | ४ - १७ |
| २. नेपालमा बालअधिकारको अवस्था | ४ |
| परिच्छेद– ३ | १८ - २७ |
| ३. कानूनी व्यवस्थाहरू | १८ |
| परिच्छेद– ४ | २८ - ३६ |
| ४. बालअधिकार संरक्षण र सम्वर्द्धनसम्बन्धी गतिविधिहरू | २८ |
| परिच्छेद– ५ | ३७ - ४२ |
| ५. उजुरी तथा सिफारिसको अवस्था | ३७ |
| परिच्छेद– ६ | ४३ - ४७ |
| ६. उपलब्धि, चुनौती, सुझाव र सिफारिसहरू | ४३ |
| अनुसूची– १ | ४८ - ४९ |
| ७. प्रेषित विज्ञप्ति/पत्राचार | ४८ |
| अनुसूची– २ | ५० - ५६ |
| ८. विद्यालयमा हुने शारीरिक दण्डविरुद्ध बालबालिकाको अधिकार | ५० |

# परिच्छेद – १

## १. परिचय

## १.१. पृष्ठभूमि

नेपालको जनसङ्ख्याको करिब आधा हिस्सा बालबालिकाहरुको रहेको छ । नेपाल सरकारले बालबालिकाहरुको हक, अधिकार, संरक्षण र सम्वर्द्धनका लागि बालअधिकारसम्बन्धी महासन्धि लगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धि एवम् त्यससँग सम्बन्धित ऐच्छिक प्रलेखहरु, घोषणापत्र तथा कार्य-योजनाहरुमा आफ्नो प्रतिवद्धता र सम्मिलनसमेत जनाएको छ । यी सन्धि, महासन्धिहरुको व्यावहारिक कार्यान्वयनको लागि विभिन्न राष्ट्रिय, क्षेत्रीय एवम् स्थानीयस्तरमा ऐन-नियम, कार्यक्रम निर्माण भई व्यावहारिकरूपमा लागू हुने क्रममा थुप्रै चुनौतिहरु देखापरेका छन् । बालबालिकाका क्षेत्रमा क्रियाशील थुप्रै सङ्घसंस्थाहरु क्रियाशील रहेपनि सञ्चालित गतिविधि, कार्यक्रम तथा कार्य-योजनाहरुमा रहेका अस्पष्टता, समन्वय र सहकार्यको अभाव खड्किएको अवस्था छ । यसले नेपालमा बालअधिकारको क्षेत्रमा बाल-संरक्षण एवम् बाल-सुरक्षाको अवस्था चुनौतिपूर्ण रहेको देखिन्छ ।

नेपालमा लाखौँ टुहुरा तथा परित्यक्त एवम् ठूलो सङ्ख्यामा रहेका श्रमिक बालबालिकाहरु छन् । वार्षिक हज्जारौँको सङ्ख्यामा बेचबिखन हुनुकासाथै द्वन्द्व र आपराधिक गतिविधिबाट प्रभावित हुने बालबालिकाहरुको सङ्ख्या पनि उल्लेख्य छ । त्यसै गरी बालबालिकाहरुले घरपरिवार तथा समाज एवम् विद्यालयमा नै भेदभाव, दुर्व्यवहार, हिंसा तथा बालविवाहको सिकार हुनुपरिहेको तथ्यले बालबालिकाहरुको अधिकारको अवस्थालाई उजागर गर्दछ । बालबालिकाका यावत सवालहरुलाई मध्यनजर गर्दै राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो स्थापनाकालदेखि बालअधिकारको संरक्षण तथा सम्वर्द्धनको क्षेत्रमा प्राथमिकताका साथ कार्य गर्दै आएको छ । द्वन्द्वकालमा समेत बालअधिकारसम्बन्धी मुद्दाहरूलाई बालअधिकार इकाइ स्थापना गरी सोमार्फत आफ्ना कार्यक्रमहरू अगाडि बढाउँदै आएको छ । अहिले पनि बालअधिकार उल्लङ्घनका उजुरीहरुउपर आवश्यक कारबाहीको कममा उजुरीहरु ग्रहण, त्यसउपर अनुसन्धान र अनुगमनका साथै

आवश्यकता अनुरूप नेपाल सरकारलाई नीतिगत सिफारिसहरू गर्दै आएको छ ।

## १.२. उद्देश्य

आयोगबाट सन् २०११ अर्थात् १७ पुस २०६७ देखि १७ पुस २०६८ सम्ममा बालअधिकारको अवस्था, संरक्षण एवम् सर्म्वद्धनको क्षेत्रमा गरिएका कार्यहरु– उजुरी सङ्ख्या, अनुगमन, अनुसन्धान तथा प्रवर्द्धनात्मक कामहरु, आयोगमा प्राप्त उजुरीमाथि भएका निर्णयहरु, आयोगका सिफारिसहरु तथा रायसुझावहरुको बारेमा बालअधिकारको क्षेत्रमा चासो राख्ने व्यक्ति, सङ्घसंस्थाहरु एवम् सरोकारवालाहरुलाई जानकारी दिनु यस प्रतिवेदनको उद्देश्य हो ।

## १.३. तयारी विधि

बालअधिकार एकाइमा आयोगका विभिन्न कार्यालयहरुबाट बालअधिकारको संरक्षण र सर्म्वद्धनको क्षेत्रमा सम्पादित कार्यहरुको विवरण एवम् प्राप्त प्रतिवेदनहरु तथा बालअधिकारको सन्दर्भमा आयोगबाट गरिएका निर्णय, सिफारिहरुलाई आधार लिइएको छ । त्यसै गरी विभिन्न पत्रपत्रिकामा प्रकाशित बालअधिकारसँग सम्बन्धित समाचारहरुको सङ्कलन, आयोगमा प्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरुद्वारा प्रकाशित सन्दर्भ-सामग्रीहरु, सञ्चार माध्यमहरुमा प्रकाशित एवम् प्रसारित समाचार लगायतका सामग्रीमा प्रतिवेदन आधारित छ ।

## १.४. सीमा

आयोगबाट सन् २०११ (पुस १७, २०६७ देखि १७ पुस २०६८ सम्म) मा बालअधिकारको क्षेत्रमा सम्पादित कार्यहरु–उजुरी ग्रहण, अनुगमन, अनुसन्धान र प्रवर्द्धनात्मक कार्यहरुका सम्बन्धमा प्राप्त जानकारीहरुको आधार नै यो प्रतिवेदनको सीमा हो । त्यसै गरी आयोगका सिफारिस, निर्णय, रायसुझावहरुमा यो प्रतिवेदन सीमित रहेको छ ।

### १.५. संरचना

यो प्रतिवेदनलाई विभिन्न ६ परिच्छेदमा विभाजन गरिएको छ । प्रतिवेदनको सारांशबाट सुरू गरी पहिलो परिच्छेदमा पृष्ठभूमि, उद्देश्य, तयारी विधि, सीमा र बनोटका सम्बन्धमा चर्चा गरिएको छ । दोस्रो परिच्छेदमा नेपालमा बालअधिकारको अवस्थाका बारेमा व्याख्या गरिएको छ । तेस्रो परिच्छेदमा बालअधिकार संरक्षण र सर्म्वद्धनमा विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संरचनाहरुको सम्बन्धमा उल्लेख गरिएको । त्यसै गरी आयोगबाट बालअधिकारको संरक्षण तथा सर्म्वद्धनका लागि गरिएका अनुगमन, अनुसन्धान र प्रवर्द्धनसम्बन्धी कार्यहरुको विवरण उल्लेख चौथो परिच्छेदमा समावेश गरिएको छ। पाँचौ परिच्छेदमा प्राप्त उजुरीहरुको विवरण, उजुरीहरुका सम्बन्धमा भएका आयोगका निर्णय तथा सिफारिसहरुको जानकारी राखिएको छ । छैठौं परिच्छेदमा बालअधिकार संरक्षणमा प्राप्त उपलब्धि, चुनौती र सरोकारवालाहरुलाई आयोगका विभिन्न सिफारिसहरु समावेश गरिएको छ ।

# परिच्छेद– २

## २. नेपालमा बालअधिकारको अवस्था

वि.सं. २०६८ मा भएको जनगणनाको प्रारम्भिक नतिजाअनुसार नेपालको कुल जनसङ्ख्या २,६६,२०,८०९ रहेको र यसको लगभग आधा हिस्सा बालबालिकाले ओगटेको छ । कुल जनसङ्ख्याको यति ठूलो हिस्सा बालबालिकाको रहेपनि उनीहरुको सर्वाङ्गिण विकास भने हुन सकेको छैन । केही सम्पन्न परिवारसँग सम्बन्धित बालबालिकाहरुले सामाजिक, आर्थिक, शैक्षिक अवसर प्राप्त गरेका छन् भने विपन्नता र गरिबीको रेखामुनि रहेका परिवारहरूसँग सम्बन्धित बालबालिकाहरु ती अवसरहरूबाट वञ्चित अवस्थामा छन् । पछाडि परेका ती बालबालिकाहरु राज्यद्वारा प्रदत सेवा-सुविधा उपभोग गर्न सक्ने हैसियतमा रहेका छैनन् । यो अवस्थाले बालअधिकारको अवस्था सन्तोषजनक छैन भन्ने देखाउछ । बालअधिकारको संरक्षण एवम् सर्म्वद्धनका निमित्त नेपालमा विभिन्न ऐन, नियम, संवैधानिक प्रावधानलगायत र अन्तर्राष्ट्रिय सन्धिहरुको पक्षराष्ट्र बनेको छ । यस अलावा विद्यालय र बालबालिकालाई शान्तिक्षेत्र घोषणा गरी विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाचा र कार्यान्वयन निर्देशिका २०६८ जारी गरी राज्यतहमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा राष्ट्रिय बालकल्याण समितिको पनि गठन भएको छ। यसका वावजुद पनि बालअधिकारको अवस्था तथा यसको प्रचलन सन्तोषप्रद देखिँदैन । बालअधिकारको अवस्थालाई निम्नानुसार उल्लेख गरिएको छः

### २.१. द्वन्द्वबाट प्रभावित बालबालिका

दश वर्षे सशस्त्र द्वन्द्वमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा थुपै बालबालिकाहरु प्रताडित हुन पुगे । कतिपयले युद्धमा नै भाग लिनुपऱ्यो । द्वन्द्वको कारणले हज्जारौं बालबालिका शिक्षाको अधिकारबाट वञ्चित हुन पुगे । विद्यालय नै द्वन्द्वको स्थल बनेपछि विद्यालय जाने बालबालिकाको सङ्ख्या पनि घटन पुग्यो । बिस्तृत शान्ति सम्झौता, २०६३ पश्चात् नेपालको अन्तरिम संविधान

जारी भएको ५ वर्ष वितिसक्दा पनि द्वन्द्वबाट प्रभावित, द्वन्द्वको कारण अनाथ, अपाङ्ग भएका बालबालिकाको अझै पुनर्स्थापना हुनु नसकेको तथा उनीहरुलाई शिक्षाको मूलधारमा ल्याउन नसकिएको अवस्था छ । बेवारिसे बम-विस्फोटमा परी बालबालिकाहरु घाइते हुनुको साथै मृत्युवरण गर्नुपरेको स्थिति छ । जसको कारण उनीहरुमा दीर्घ रोग, मनोसामाजिक असर, मानसिक रुपमा विक्षिप्त लगायतका समस्याहरु देखापरिरहेका छन् । द्वन्द्वको समयमा सुरक्षा लगायत विभिन्न नाममा जमीनमुनि लुकाइराखिएका माइन, जथाभावी फालिएका सकेट बमहरु पूर्णरुपमा निष्कृय पार्न नसकिएको अवस्था छ ।



वेवारिसे बम बिस्फोटमा परी घाइते बालक

आपतमा परेका बालबालिकालाई तत्काल संरक्षण र सहयोग गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले हालै मात्र केन्द्रीय आपतकालीन बाल उद्दार कोष सञ्चालन कार्यबिधि, २०६७ जारी गर्दै केन्द्रीय आपतकालीन बालउद्दार कोषको स्थापना गर्न केन्द्रीय बालकल्याण समितिलाई रू. एक करोड

रकम उपलब्ध गराएको छ । साथै केन्द्रीय बालकल्याण समितिले जोखिममा रहेका बालबालिकालाई आपतकालीन रुपमा उद्दार गर्नका लागि अर्को एउटा बाल-उद्धार कोष पनि स्थापना गर्ने तयारी गरेको छ । जिल्लागत रुपमा प्राप्त विवरणअनुसार यस्तो कोषबाट सशस्त्र द्वन्द तथा अन्य किसिमका बिपत्तीबाट प्रभावित ७,९०६ जना बालबालिकालाई तत्काल राहत उपलब्ध गराइएको थियो । जसमध्ये ३,७५२ जना (४७.४६५) बालिका र ४,१५४ जना (५२.५४५) बालक रहेका छन् । (स्रोतः केन्द्रीय बालकल्याण समितिको प्रतिवेदन २०६८)

## २.२. सडक बालबालिका

घर-परिवारविहीन एवम् घरपरिवारको दुर्व्यवहार सहन नसकेर शहरका गल्लीहरुमा जीवनयापन गर्ने बालबालिकाको सङ्ख्या बढदो छ । ती बालबालिकाहरुले न्यूनतम बालअधिकार–शिक्षा, स्वास्थ्य तथा गाँस, तथा कपासबाट वञ्चित हुनुपरेको अवस्था छ । यीमध्ये कतिपय बालबालिकाहरु  आपराधिक गतिविधि तथा लागूऔषधको प्रयोगमा संलग्न रहेको देखिन्छ । एकातिर राज्यले ती बालबालिकाहरुको पुनर्स्थापनाको लागि प्रभावकारी योजना, नीति निर्माण तथा कार्यान्वयन गर्न नसक्नुको साथै पुनर्स्थापना केन्द्रहरुको सञ्चालन हुन सकेको छैन ।

सिविन नेपालको सन् २००६ को प्रतिवेदन अनुसार नेपालका बिभिन्न जिल्लाहरुबाट वर्षेनी कम्तिमा पनि ५०० जना बालबालिका उपत्यकाका सडकमा आउने गरेको अनुमान छ । केन्द्रीय बालकल्याण समिति, ललितपुरले २०६४ मा सडकमा आश्रित बालबालिको क्षेत्रमा कर्यरत संस्थाहरुको साझा सञ्जाल (National Alliance of Organizations for Street Children, NAOSC) सँग मिलेर गरेको एक अध्ययन र २०६५ मा प्रकाशन गरेको प्रतिवेदन अनुसार काठमाडौंमा करिब ८०० जना बालबालिका सडकमा आश्रित रहेको देखाएको छ ।

## २.३. बालश्रम

उमेर नपुगेका बालबालिकालाई काम लगाउन नपाइने तथा अझ जोखिमयुक्त काममा बालबालिकालाई लगाउन नहुने भन्ने कानुनी व्यवस्था रही आएता पनि होटल, रेष्टुरेन्ट, कलकारखाना लगायत सार्वजनिक यातायातका साधनहरुमा

बालबालिकालाई श्रमिकको रुपमा अथवा दैनिक ज्यालादारी मजदुरको रुपमा प्रयोग गर्ने चलन व्यापक छ । बालबालिकाले श्रमिकको जीवन जीउनुपर्दा उनीहरु बालअधिकारबाट वञ्चित हुन पुगेको देखिन्छ ।

सन् २००१ मा गरिएको राष्ट्रिय जनगणना अनुसार घरेलु बालश्रमिकका रुपमा संलग्न १४ वर्षमुनिका बालबालिकाको सङ्ख्या १७,८०३ रहेको पाइएको छ । जसमध्ये बालक ४६.३ ५ र बालिका ५३.७ ५ रहेको थियो भने आइएलओको अनुमान अनुसार श्रममा संलग्न २६ लाख बालबालिका मध्ये १,२७,००० जना बालबालिका निकृष्ट प्रकारका श्रममा संलग्न रहेका छन् । (स्रोतः केन्द्रीय बालकल्याण समिति प्रतिवेदन, २०६८)

## २.४. बालबालिकाको ओसारपसार र बेचविखन

नेपाली बालबालिकालाई विभिन्न भारतीय सर्कस कम्पनीहरुमा बेचिनु परेको तथा विभिन्न वेश्यालयहरुमा बालिकाहरुले नारकीय जीवन बिताउनुपरेको अवस्था छ । आफन्त एवम् दलालहरुमार्फत बालबालिकाहरुले बेचिनुपरेको छ । जसको कारण उनीहरुको सर्वाङ्गिण विकासमा बाधा पुग्न जानुको साथै पीडित बालबालिकाहरु न्यूनतम बालअधिकार उपभोग गर्नबाट वञ्चित हुन पुगेका छन् । यस अलावा बालबालिकाहरुलाई ललाइफकाइ, झुठो प्रलोभन देखाई झुक्याएर भारतमा पुऱ्याएर उनीहरुको मृगौलासमेत अरुलाई प्रत्यारोपण गराउनुपरेको अवस्था छ । यसरी बेचबिखनमा परेका बालबालिकाहरु कुपोषण, एचआइभी एड्स तथा यौन रोगका कारण दीर्घ रोगी तथा मृत्युवरणसम्म गर्नुपरेको स्थिति छ ।

राष्ट्रिय एड्स तथा यौन रोग नियण्त्रण केन्द्र टेकुले गरेको एक अनुमान अनुसार ३२,००० जना नेपाली महिलाहरु यौन पेशामा संलग्न रहेकोमा १८ वर्षभन्दा कम उमेरका बालिकाहरुमात्र ५०५ रहेको छ जसअनुसार करिब १६,००० जना बालिकाहरुलाई यौन पेशामा लाग्न बाध्य पारिएको छ । यसैगरी वर्ल्ड एजुकेशनका अनुसार सन् १९९८ मा गरिएको एक अध्ययन अनुसार महिला यौनपेशाकर्मीमध्येबाट सोही पेशाका रुपमा काम गर्ने बालिकाहरु १२ ५ १२–१३ वर्ष उमेरका, १४ - १५ वर्ष उमेरका २५५ र १६–१७ वर्ष

उमेरका १६ ५ रहेको देखाएको छ। उक्त अध्ययनले १०,००० जना बालिकाहरु यौनपेशामा संलग्न भएको अनुमान गरिएको छ। आईएलओको सन् २००१ को अनुमानअनुसार १२,००० को सङ्ख्यामा मानव बेचबिखन भएको देखिन्छ। (स्रोतः केन्द्रीय बालकल्याण समिति प्रतिवेदन, २०६८)

## २.५. एचआईभीबाट प्रभावित बालबालिका

विशेष गरेर सुदूरपश्चिमका आमनागरिक कामको सिलसिलामा भारत जाने र त्यहाँ एचआइभीबाट प्रभावित हुने गर्दछन्। फलतः त्यसपछि हुने बिहेवारी, विवाह भैसकको अवस्थामा आमा र जन्मने बच्चा पनि सङ्क्रमित हुन पुग्दछन्। यसको रोकथामको र बालबालिकाको उचित स्याहार र उपचारमा राज्यपक्ष त्यति धेरै चनाखो भएको पाइँदैन। कतिपय अवस्था सङ्क्रमित बुबाआमाको मृत्युपश्चात् सङ्क्रमित बालबालिका अनाथ हुने तथा सोभ्कै मृत्युलाई पर्खिनु पर्ने सत्यता हामीबीच रहेको छ। यस्ता बालबालिकालाई उचित औषधी उपचार तथा शिक्षामा राज्य जिम्मेवार हुन सकेको छैन। राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र, टेकुका अनुसार २०६७ फाल्गुण सम्ममा १७,५५६ जना एच.आई.भी.सङक्रमितहरु रहेको तथ्याङ्क छ। गत वर्ष जेठ महिनाको अवधि सम्ममा १५,९४५ जना ब्यक्तिहरुमा एचआईभी सङक्रमण रहेको मा ११,३६५ जना पुरूष र ६,१९१ जना महिलाहरु रहेका छन्। १५ वर्षमुनिका ६९१ जना बालक र ४५५ जना बालिका यसबाट सङक्रमित रहेका छन्। (स्रोतः केन्द्रीय बालकल्याण समिति प्रतिवेदन, २०६८)

## २.६. अनाथ, अपाङ्ग बालबालिका

नेपालमा अनाथ तथा अपाङ्ग बालबालिकाहरु अत्यन्त कठिन तथा दुखदायी रुपमा जीवनयापन गरिरहेका छन। यस्ता बालबालिकाको पुनर्स्थापना तथा हेरचाहको लागि सरकारी एवम् गैरसरकारी प्रयास भएता पनि त्यो पर्याप्त हुनसकेको छैन। अनाथ तथा अपाङ्ग बालबालिकाको अधिकारको संरक्षण, शिक्षादीक्षा तथा स्वास्थ्य उपचार एवम् अपाङ्गताको कारणले त्यस्ता बालबालिकाले प्रयोग गर्ने सामानहरुको उचित व्यवस्थापन तथा समाजमा उनीहरुलाई अन्य बालबालिकाहरुसरहको अवस्थामा पुऱ्याउन राज्यपक्षबाट ठोस पहल हुन सकेको छैन र भएका ऐन, कानुनहरुको पनि प्रभावकारी

कार्यान्वयन हुन नसकेको अवस्था छ । समय समयमा सुस्तमनस्थिति तथा मानसिक रोगबाट ग्रसित बालबालिकाहरुलाई निजका अभिभावकहरुले दिनभरनै खम्बामा बाँधेर, खोरमा थुनेर आँफू काममा जाने गर्नाले उनीहरु उपचार लगायतका अधिकारहरुबाट  ती बालबालिकाहरु वञ्चित हुन पुगेका समाचारहरु सञ्चार माध्यममा प्रकाशन/प्रशारण हुँदै आएका छन् । कुल जनसङ्ख्याको १.६३% व्यक्तिहरु अपाङ्गता भएको देखिएको छ । (स्रोतः राष्ट्रिय योजना आयोग, New Era र युनिसेफ)

वि.सं. २०५८ सालको राष्ट्रिय जनगणनाले नेपालमा कुल जनसङ्ख्याको ०.४६% व्यक्तिहरु अपाङ्गता भएको देखाएको छ । उक्त तथ्याङ्क अनुसार नेपालमा १६ वर्षमुनिका ३४,६३० बालबालिकाहरुमा अपाङ्गता भएको देखिएको छ ।

## २.७. बाल-वेश्यावृत्ति तथा यौन-दुर्व्यवहार

नेपालमा बालबालिकाहरुलाई वेश्यावृत्तिमा लगाउने, डान्स रेस्टुरेन्ट, होटल, बारतथा क्याबिनहरुमा यौनदुर्व्यवहारहरु हुनेगरेको तथ्यहरु बेलाबेलामा सार्वजनिक हुने गरेका छन् । राज्यले बाल-वेश्यावृत्तिलाई प्रोत्साहन दिने होटल तथा अपराधीहरुलाई कानुनी दायरामा ल्याउन सफल हुन नसकेको अवस्था छ। यौनदुर्व्यवहार हुने घटनाहरु कमैमात्र सार्वजनिक हुनुको साथै तिनमा कानुनी कारबाहीको स्थिति ज्यादै न्यून छ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले २०६५ सालमा प्रकाशित गरेको क्याबिन, डान्स रेष्टुरेन्ट तथा मसाज पार्लर सम्बन्धी अध्ययन प्रतिवेदन अनुसार उपत्यकामा भएका करीब १२,००० क्याबिन, दोहोरी साँझ, डान्स रेष्टुरेन्ट तथा मसाज पार्लरहरुमा ५०,००० भन्दा बढी कामदारहरु रहेकोमा १२ वर्ष देखि ३० वर्ष सम्मका ८०% महिलाहरु रहेको देखाएको छ । ती कामदारहरुमा १२ देखि १८ वर्ष उमेरका बालिकाहरुको सङ्ख्या उल्लेख्य रहेको पाइन्छ ।

## २.८. प्रारम्भिक बालविकासमा अनभिज्ञता

पाँच वर्षसम्मका बालबालिकालाई एक वर्षसम्म राखिने प्रारम्भिक बालविकासको

अवधारणामा अभिभावक, विद्यालय तथा सरोकारवालाहरु पूर्णरुपमा जानकार हुन सकेका छैनन् । प्रारम्भिक बालविकास केन्द्रहरु आफ्नो उद्देश्य अनुरुप बालमैत्री हुन नसकेको अवस्था छ। ती केन्द्रहरु बालमैत्री नभई बालबालिकालाई पढाउने कक्षाजस्तो मात्र हुन पुगेका छन्। यसबाट बालबालिकाको सामाजिक, वौद्धिक, शारीरिक र संवेगात्मक विकासका बाधा पुग्न गएको छ । नेपालमा ३१,०८९ वटा प्रारम्भिक बालबिकास केन्द्रहरु सञ्चालित छन् । ती मध्ये २६,७७३ सामुदायिक र ४,३१६ संस्थागत रहेका छन् । (स्रोतः केन्द्रीय बालकल्याण समिति प्रतिवेदन, २०६८)

## २.९. मुक्तकमैया, कम्लरी, वादी तथा अल्पसङ्ख्यक बालबालिकाहरू

नेपालमा रहेका विभिन्न सामाजिक परम्पराको नाममा तथा बाध्यात्मक परि स्थितिको कारण थुप्रै बालबालिकाहरु दासको रुपमा काम गर्न बाध्य हुँदै आएका छन्। कमैया, कम्लरी तथा वादीको रुपमा रहेका बालबालिकाहरु कानुनी रुपमा यसबाट मुक्त भइसक्दा पनि शिक्षा, स्वास्थ्य, गाँस, वास र कपासजस्ता न्यूनतम जीवनयापनको अधिकारबाट वञ्चित रहेको स्थिति छ । यी बालबालिकाहरुको पुनर्स्थापना तथा शिक्षा आदिको लागि स्पष्ट नीतिनियम तय हुन नसक्नु तथा भएका निति नियममा कार्ययोजनाहरु पनि कार्यान्वयन हुन नसक्नुले उनीहरुको अवस्था थप जोखिमयुक्त रहेको छ । अल्पसङ्ख्यक बालबालिकाहरु विद्यालय तथा समाजमा हेपिने प्रवृत्ति तथा बाल्यकालदेखि नै अभिभावकको पुर्ख्यौली पेशालाई निरन्तरता दिने परिपाटिले उनीहरु विद्यालयसम्म पुग्न सकेका छैनन्। यी र यस्ता समस्याहरुलाई राज्यले उचित रुपमा सम्बोधन गर्न सकिरहेको छैन ।

पश्चिम नेपालको तराई-मधेश क्षेत्रका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङ जिल्लामा विपन्न थारू समुदायका बालिकाहरुलाई घरेलु मजदुरका रुपमा काममा लगाइने कुप्रथा नै कमलरी प्रथा हो । यी जिल्ला बालकल्याण समिति तथा असहाय नानीहरुको साथी, बेस, स्वान, मुक्त कमैया समाज आदि जस्ता बिभिन्न सरकारी र गैरसरकारी संस्थाहरुको बिशेष पहलमा कमलरी प्रथा उन्मुलन गर्ने कार्य अघि बढिरहेको छ । दाङ जिल्लामा २०६५ माघ १ गते (माघी पर्वका दिन) बिभिन्न संस्थाहरु सँगको समन्वयमा जिल्ला बालकल्याण

समितिले कमलरी मुक्त जिल्ला घोषणा गरेको छ । यो एउटा प्रसंशनीय र अनुकरणीय कार्य पनि हो । कमलरी प्रथा उन्मूलन कार्यक्रम अन्तर्गत हालसम्म यस जिल्लामा ५,७५२ जना कमलरीहरुलाई मुक्त गरिएको छ भने ४,६८५ जना कमलरीहरुलाई मुक्त गर्न बाँकी रहेको छ । (स्रोतः केन्द्रीय बालकल्याण समिति प्रतिवेदन, २०६८)

## २.१०. विद्यालय छाड्ने प्रचलन

भौगोलिक विकटता, घरायसी काम, आर्थिक विपन्नता र गरिवी तथा बालविवाह आदिको कारणबाट विद्यालयमा पढ्दै गरेका बालबालिकाहरुले विद्यालय छाडन बाध्य हुनु परेको स्थिति छ। फलतः राष्ट्रले होनहार बौद्धिक जनशक्ति गुमाइरहेको छ। देशका कतिपय स्थानमा अझै पनि छोरी भएको कारण पठनपाठनका लागि विद्यालयमा भर्ना नै नगराउने वा भर्ना भइहाले पनि बीचैमा पढाइ छोडेर घरायसी कामकाजमा लगाउने प्रचलन बिद्यमान छ । विद्यालयको भर्ना दरको तुलनामा पठनपाठन छोडेर विद्यालय छाडने प्रचलन यथावत छ । विद्यालय छाड्ने दर प्राथमिक तहमा ६.०%, निम्न माध्यमिक तहमा ६.४% र माध्यमिक तहमा ८.७% रहेको छ । स्रोतः केन्द्रीय बालकल्याण समिति, प्रतिवेदन २०६८)

## २.११. घरेलु कामदार

नेपालका प्रायः थुप्रै प्रभावशाली व्यक्तिहरु, सम्पन्न परिवार, व्यापारी, उद्योगी, व्यवसायी तथा निजामति कर्मचारीहरुले बालबालिकाहरुलाई घरेलु कामदारको रुपमा प्रयोग गर्दै आएको तथ्य सार्वजनिक भएका छन् । अधिकांश यस्ता बालबालिकाहरु आफना अभिभावकलाई भेटघाट गर्नबाट वञ्चित भएका छन् । शिक्षाको अधिकारबाट विमुख हुनुको साथै ती बालबालिकाहरु दुर्व्यवहार तथा कुटपिटको शिकार समेत हुन पुगेका छन्। राष्ट्रिय मानव अधिकार आयोगले कुनै पनि सरकारी कर्मचारीले कुनै पनि बालबालिकालाई घरेलु कामदारको रुपमा राख्न नपाउने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन अनुरोध तथा सिफारिसहरु गर्दै आएको भएता पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको पाइँदैन । काठमाडौँलाई कार्यक्षेत्र बनाएर बालबालिकाको क्षेत्रमा कार्य गर्दै आएको सिविस नामक संस्थाले काठमाडौँ उपत्यकामा रहेका २२० जना (जसमा १३२ जना बालिका र ८८ जना बालक) घरेलु बालश्रमिकहरुको

सम्बन्धमा एक अध्ययन गरेको थियो । ती मध्ये १० वर्षभन्दा कम उमेरका ४६ जना रहेका छन् भने ११-१४ वर्षसम्मका ९५ जना, १५-१८ वर्षसम्मका ५० जना र उमेर नखुलेका २९ जना बालबालिका रहेका छन् ।

## २.१२. सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग

सशस्त्र द्वन्द्वको क्रममा बालबालिकाहरुलाई विद्रोहीहरुले सुरूमा सुराकी, भरिया भान्से आदीको रुपमा प्रयोग गरी पछि बिस्तारै बालसैन्यको रुपमा तालिम दिएर हतियार बोक्न लगाएको पाइँन्छ । कतिपय माओवादी शिविर हरुमा बालबालिकाहरु राखिएको थियो । अनमिनको प्रमाणीकरणपछि मात्र यस्ता कार्यहरुमा बालबालिकाहरुको प्रयोगमा कमि आउन थालेको हो । यसरी सशस्त्र द्वन्द्वको क्रममा परिवार छाडेर द्वन्द्वको समयमा विद्रोहीहरुसँग हिँड्दा बालबालिकाहरु शिक्षाबाट वञ्चित हुनु स्वाभाविकै थियो । परिणाम स्वरुप पछि उनीहरुको भविष्य अन्यौलग्रस्त बन्न पुगेको छ । यस्ता बालबालिकाको पुनर्स्थापनाको लागि सरकारी तवरबाट कुनै ठोस काम हुनु जरूरी छ । द्वन्द्वको समयमा सेना तथा विद्रोही पक्षबाट मारिएका निर्दोष बालबालिकाहरुको हत्यामा संलग्न दोषीहरुउपर कुनै कारबाही हुन सकेको पाइँदैन । राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसबमोजिम कतिपय बालबालिकाका परिवारले क्षतिपूर्ति स्वरुप त्यही रकम प्राप्त गर्न सकेको भएता पनि दोषीउपर भने हालसम्म कारबाही अगाडि बढ्न सकेको छैन ।

## २.१३. विस्थापित बालबालिका

सशस्त्र द्वन्द्वको कारणले मुलुकभरबाट हजारौं घर-परिवारका मानिसहरु आन्तरिक रुपमा विस्थापित भए । विस्थापित परिवारमा बालबालिकाको सङ्ख्या उच्च रहेको एक प्रतिवेदनले देखाएको छ । यस आयोगले सार्वजनिक गरेको विस्थापितसम्बन्धी प्रतिवेदनले पनि विस्थापनको कारण बालबालिकाको अवस्था अत्यन्त जोखिमपूर्ण रहेको देखिन्छ । अझ त्यसमा कतिपय बालबालिकाहरुले सशस्त्र द्वन्द्वको कारण अभिभावकहरु गुमाएको अवस्था छ । विस्थापनको कारणले आफ्नो थातथलो छोडेर हिँडेपछि शिक्षाको अधिकार, जन्मदर्ता जस्तो पहिचानको अधिकारबाट पनि बालबालिकाहरुले वञ्चित हुनुपर्‍यो ।

हालसम्म पनि उनीहरुका समस्याहरुको उचित सम्बोधन हुन सकेको छैन । बालबालिकाहरुको शिक्षाको पहिलो दायित्व अभिभावक हो भन्ने राज्यपक्षको सोचाइ र अभिभावकले बालबालिकालाई राज्यले पढाइ दिनुपर्दछ भन्ने मान्यताबीचको दूरीले पनि धेरै बालबालिकाहरु शिक्षाको अधिकारबाट विमुख हुन पुगेका छन् । यसरी विस्थापित भएका बालबालिकाहरुमध्ये कतिपय सडक बालबालिका त बन्न पुगेका छन्  भने कतिपयले बालश्रमिकको रुपमा कार्य गर्दै शोषणको शिकार समेत हुनुपरेको अवस्था छ । सशस्त्र द्वन्दको क्रममा १२०० जना बालबालिकाहरु बिस्थापित भएको पाइएको छ । स्रोतः केन्द्रीय बालकल्याण समितिको बार्षिक प्रतिवेदन (२०६७)

## २.१४. बालबालिकाको अपहरण तथा हत्या

वर्तमान समयमा शहरी क्षेत्रबाट निर्दोष बालबालिकाको अपहरण गरी फिरौती माग गर्ने तथा फिरौती लिई वा नलिई बालबालिकाको हत्याजस्ता आपराधिक कार्यमा अनपेक्षित रुपमा वृद्धि भैरहेको छ । यसले बालबालिकाको सुरक्षामा गम्भीर चुनौति देखापरेको छ । अल्पायुमा नै जीवन गुमाउनुपर्ने तथा बालबालिकाको जीवनको सुरक्षा राज्यले दिन नसकेको वर्तमान अवस्थामा राज्यको कमजोर सुरक्षा व्यवस्थाका कारण बालबालिकाहरु भयभित, त्रसित र थप जोखिममा परेको देखिन्छ । अपराधीहरुले बालबालिकालाई आफ्नो स्वार्थपूर्तिको  माध्यमको रुपमा दिन प्रतिदिन अपहरण गर्ने परिपाटीको विकास भइरहेको छ । सशस्त्र द्वन्दको क्रममा ७,००० बालबालिकाहरु अपहरणमा परेको पाइएको छ । स्रोतः सिविन, नेपाल ।

## २.१५. बालविवाह

उमेर नपुगी अवयस्क अवस्थामा बालबालिकाको विवाह गर्ने ग्रामीण सामाजिक तथा परम्परागत प्रचलनको कारण उनीहरुको मृत्यु समेत हुन गएको समाचारहरु प्रकाशित भएका छन् । कम उमेरमा विवाहको कारण उनीहरुको शारीरिक र मानसिक विकासमा असर पुग्न जानुको साथै शिक्षाबाट वञ्चित हुन पुगेका छन् । त्यसको असर निजहरुबाट जन्मने शिशुहरुमा पनि पर्न जान्छ । Nepal Adolescent and Youth survey 2010/2011 को प्रतिवेदनअनुसार महिलाको

पहिलो बिवाहको औषत उमेर १७ वर्ष देखियो भने पुरूषको १९ वर्ष देखिएको छ । यसबाट बालविवाहको प्रचलनमा सार्थक रूपमा रोक लगाउन जरूरी देखिएको छ ।

### २.१६. शारीरिक दण्ड

विद्यालयमा शिक्षकशिक्षिकाहरू तथा बालबालिकाका अभिभावक स्वयम्ले समेत बालबालिकाहरूलाई कुनै न कुनै रुपमा शारीरिक दण्ड दिने प्रचलन अहिले पनि नेपाली समाजमा विद्यमान छ । शारीरिक दण्ड तथा बालबालिकामाथि हुने अन्य प्रकारका दुर्व्यवहारको कारण बालबालिकामा मनोवैज्ञानिक असर पर्न जानुको साथै शारीरिक तथा मानसिक विकास एवम् तिनको सर्वाङ्गिण विकासमा पनि असर पर्ने गरेको देखिन्छ । यस्ता किसिमका दण्डसजायको परिणामस्वरुप कतिपय बालबालिकाहरुले विद्यालयमा तथा घरमा आत्महत्या समेत गर्न पुगेका छन् । विद्यालयमा हुने शारीरिक दण्ड विरूद्धको बालबालिकाको अधिकार सम्बन्धमा अनुसूचि-२ मा उल्लेख गरिएको छ ।

### २.१७. शिक्षा तथा स्वास्थ्य सुविधाबाट वञ्चित

बालबालिकाहरु विद्यालय तथा स्वास्थ्य चौकीको अभाव, सरकारी रुपमा प्राप्त हुने शिक्षा तथा स्वास्थ्यजस्ता सेवासम्म पहुँच नभएको कारण थप जोखिममा पर्ने गरेका छन् । गाम्रीण क्षेत्रका बालबालिकाहरुले घण्टौसम्म पैदल हिँडी विद्यालय पुग्नुपर्ने स्थिति एकातिर छ भने अर्कोतिर स्वास्थ्य चौकीको अभावको कारण बिरामी भएका बखत आधारभूत स्वास्थ्य उपचार र औषधीबाट वञ्चित हुनुपर्दा उनीहरुले ज्यानसमेत गुमाउनु परेको अवस्था रहेको छ ।

### २.१८. राजनैतिक उद्देश्यको लागि बालबालिकाको प्रयोग

नेपालमा राजनैतिक दलहरुले आयोजना गर्ने बन्द, हडताल, विरोध, चक्काजाम, प्रदर्शन, जुलुश, आमसभा आदिमा विद्यालयमा पढने बालबालिकाको अत्याधिक प्रयोग गर्ने प्रचलन बढ्दो छ । यस्ता कार्यले बालबालिकाको शिक्षाको अधिकार एकातिर कुण्ठित हुन पुगेको छ भने अर्कातिर राजनैतिक कार्यक्रमहरूमा हुने बाध्यात्मक सहभागिताले उनीहरुको शैक्षिक जीवनमा नकारात्मक असर

पर्ने गरेको छ । यस्ता कार्यक्रमहरुमा हुने झडप, मुठभेड आदि घटनामा बालबालिकाहरु नै सबैभन्दा बढी प्रभावित हुने गरेका छन् । कतिपय अवस्थामा विद्यालय नै बन्द गरेर उनीहरुलाई र्‍याली, सभा, जुलुस आदिमा प्रयोग गरिएको अनुगमनको क्रममा पाइएको छ ।

## २.१९. कारागारका बालबालिका र आश्रित

कारागारमा आमासँग रहेका बालबालिकाहरुले घरमा पाउनेजस्तो स्याहार नपाउने तथा औषधी उपचारबाट वञ्चित हुनुपर्ने अवस्था छ । कतिपय अवस्थामा लामो समयसम्म कारागारमा रहँदा उनीहरु विद्यालय जानबाट पनि वञ्चित हुनपुगेका छन् । त्यसैगरी विभिन्न अपराधमा संलग्न बालबालिकाहरुलाई वयस्क कैदीहरुसँग कारागारमा राखिने गर्नाले त्यस्ता बालबालिकाले सुध्रिनेभन्दा पनि बढी बिग्रिने गरेको विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाएका छन् । आमाबाबु नै कारागारमा सजाय खेपिरहेका बालबालिकाको हकमा पनि कतिपय बालबालिकाहरु बाहिर एक्लै बस्नुपर्ने र उनीहरुलाई कारागारमा सजाय खेपिरहेका बाबु वा आमाले पाउने सिधाबाट कटौती गरेर जीविकोपार्जन गर्नुपर्ने अवस्था रहेको छ । केन्द्रीय बालकल्याण समिति २०६८ को प्रतिवेदन अनुसार ४८ जिल्लाबाट प्राप्त तथ्याङ्कअनुसार ३८ जना बालिका र २९ जना बालक गरी जम्मा ६७ जना  बालबालिकाहरू उनीहरुका अभिभावकसँग कारागारमा जीवन बिताइरहेका छन् ।

## २.२०. बालबालिकासँग सम्बन्धित कुप्रथाहरू

नेपालमा परम्मरागत रुपमा रहेका कुप्रथाहरु झुमा, छाउपडी, कम्लरी,  वादी, कुमारीजस्ता प्रथाहरुले बालबालिकाहरुको सर्वाङ्गिण विकासमा असर पर्ने तथा यस्ता प्रथाको कारणले बालिकाहरु विशेष गरेर शिक्षाको अधिकारबाट वञ्चित हुने तथा उचित स्वास्थ्य र सरसफाइबाट पनि अलग रहनुपर्ने भएकाले आयोगले हानिकारक परम्परागत अभ्यासहरु रोक्न सम्मानित सर्वोच्च अदालतबाट मिति २०६२ बैशाख १९ मा भएको निर्देशानात्मक आदेशको कार्यान्वयन गर्न नेपाल सरकासँग पहल गरेको थियो । त्यसैगरी यस्ता हानिकारक प्रथा लगायत कम्मलरी प्रथाको अन्त्यको लागि सिफारिससमेत गरेको थियो ।

## २.२१. कुपोषण तथा आधारभूत खोपहरूबाट वञ्चित

नेपालमा धेरै बालबालिकाहरु कुपोषणबाट अझै पनि मुक्त हुन सकेको अवस्था छन् । अभिभावकहरुमा चेतानाको अभाव, कमजोर आर्थिक अवस्था, राज्यको अप्रभावकारी स्वास्थ्य नीति लगायतका कारण बालबालिकाहरु कुपोषणलगायत अन्य रोगहरुको सिकार बन्न पुगेका छन् । शहरी क्षेत्रको तुलनामा यो समस्या ग्रामीण तथा पहाडी गाउँहरुमा बढी देखिन्छ । त्यसै गरी शिशु जन्मेपछि लगाउनुपर्ने विभिन्न खोपहरुबाट पनि उनीहरु वञ्चित हुनुपरेको छ । यसको नकारात्मक प्रभाव उनीहरुको शारीरिक र मानसिक विकासमा पुग्न गएको देखिन्छ ।

Nepal Demographic and Health survey 2011 को प्रतिवेदनअुसार ८७ प्रतिशत बालबीलकाले मात्र पूर्णरुपमा खोपको मात्रा पूरा गरेको पाइएको छ । उक्त प्रतिवेदनअनुसार १२ देखि २३ महिना उमेरमध्येका बालबालिकाहरु मध्ये ३ प्रतिशत बालबालिकाहरु आधारभूत खोपबाट वञ्चित रहेको तथ्याङ्क सार्वजनिक गरेको छ । यस प्रतिवेदन अनुसार जन्मदा २.५ के.जी. भन्दा कम तौल भएका बालबालिका १२.४ प्रतिशत रहेको पाइएको छ ।

## २.२२ राउटे बालबालिकाहरू

राउटे नेपालमा लोपोन्मुख जातिको रुपमा रहेको छ । यो जातिहरु जङ्गलमा नै बसोबास गर्ने र फिरन्ते जीवनयापन गर्दै आएका छन् । यस समुदायमा रहेका बालबालिकाहरु आफ्नो अधिकार उपभोग गर्नबाट वञ्चित छन् ।

## २.२३. विद्यार्थी ओसारपसार गर्ने सवारी साधनको दुरावस्था

विद्यालयहरूद्वारा पठनपाठनको क्रममा बालबालिहरूका ओसारपसार गर्ने सवारी साधनहरुको अवस्था दयनीय रहेको सूचनाहरु भर्खरै सञ्चार माध्यमहरुले सम्प्रेषण गरेका छन् । काठमाडौं उपत्यकाका विद्यालयहरुले क्षमताभन्दा बढी बालबालिकाहरुलाई सवारी साधनमा राखी विद्यालय लाने ल्याउने गर्दै आएका छन् । जसबाट बालबालिकालाई बान्ता लाग्ने, वाक्वाकी हुने, टाउको दुख्ने, रिङटा लाग्ने, खान मन नलाग्ने, पढन मन नलाग्ने जस्ता लक्षणहरु

देखापर्नुको साथै उनीहरु बिरामी समेत हुन पुगेको अवस्था छ। यस सम्बन्धमा सरोकारवालाहरुको ध्यानाकर्षण भएको देखिँदैन । आयोगले यस विषयमा सम्बन्धित निकायको ध्यानार्षण समेत गराएको थियो ।

## २.२४. जन्मदर्ता

सन् २००६ को Nepal Demographic and Health survey को प्रतिवेदनअुसार ० देखि ४ वर्षका ३५ प्रतिशत बालबालिकाको जन्मदर्ता भएको पाइएको छ भने २०११ को Nepal Demographic and Health Survey (NDHS, 2011) को प्रतिवेदन अनुसार ० देखि ४ वर्षका ४२ प्रतिशत बालबालिकाको जन्मदर्ता भएको पाइएको छ । यसबाट बालबालिकाको पहिचानको अधिकारमा केही बढोत्तरी भएको देखिन्छ ।

# परिच्छेद– ३

## ३. कानूनी व्यवस्थाहरू

### ३.१. राष्ट्रिय व्यवस्थाहरू

#### ३.१.१. संवैधानिक व्यवस्था

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ मा बालबालिकाका हक अधिकारलाई मौलिक हक अन्तर्गत समावेश गरी संवैधानिक मान्यता प्रदान गरिएको छ, जसअन्तर्गत निम्न व्यवस्थाहरु उल्लेख भएका छन्:

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ ।

२. प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरूद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइने छ ।

४. असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ ।

५. कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन । त्यसै गरी संविधानको भाग ४ मा उल्लेखित राज्यका दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरुअन्तर्गत राज्यले बालबालिकासमेतको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने छ भन्ने उल्लेख गरिएको छ ।

### ३.१.२. कानुनी व्यवस्थाहरू (ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिहरू)

- बालबालिकासम्बन्धी ऐन, २०४८ तथा बालबालिकासम्बन्धी नियमावली, २०५१
- बालश्रम (निषेध र नियमित गर्ने ऐन, २०५६ तथा बालश्रम (निषेध र नियमित
- गर्ने नियमावली, २०६२
- राष्ट्रिय मानव अधिकार आयोगबाट सरकारी कर्मचारीहरुले बालबालिकालाई काममा लगाउन नपाइने र काममा लगाएमा आवश्यक कारबाही गर्न सन् २००६ मा सरकारलाई निर्देशन
- मुलुकी ऐन, २०20 को ११ औं तथा १२ औं संशोधन (२०५८ तथा २०६४) मा बालअधिकारसम्बन्धी विभिन्न प्रावधानहरुको व्यवस्था
- कमैया प्रथा उन्मूलन गर्ने ऐन, २०५८
- मानव बेचबिखन तथा ओसारपोसार (नियन्त्रण गर्ने ऐन, २०६४ र नियमावली, २०६५ जारी
- बालन्याय (कार्यविधि) नियमावली, २०६३ जारी
- सबै जिल्ला अदालतमा बाल इजलास गठन गरी सुनुवाइ गर्नुपर्ने सर्वोच्च अदालतबाट सन् २००० मा निर्देशन
- घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा बनेको ऐन, २०६६
- महिला बालबालिका तथा समाजकल्याण संसदीय समितिको संविधानसभा कार्यसञ्चालन नियमावली, २०६५
- २०६७ असोज ११ गतेको मन्त्रीपरिषद्को निर्णयअनुसार महिला विभागलाई महिला तथा बालबालिका विभाग गठन
- विदेशी नागरिकलाई धर्मपुत्र/पुत्री ग्रहण गर्न दिने शर्त र प्रक्रिया, २०६५ लागू
- छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४ लागू, बालिकाविरूद्धको सामाजिक कुप्रथालाई हटाउन जोड

- नागरिकलाई प्राथमिक स्वास्थ्य केन्द्रमार्फत् निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने तथा सूचीकृत औषधीहरु निःशुल्क वितरण गर्ने नीति, २०६५ देखि लागू
- सरकारी वकिलहरुका लागि बालन्याय सम्बन्धी अनुसन्धान तथा अभियोजना दिग्दर्शन, २०६६ जारी
- अदालतमा महिला र बालबालिकाको उपस्थितिका सन्दर्भमा गोपनीयता कायम गर्ने सम्बन्धी कार्यविधि (सर्वोच्च अदालतको आदेशको आधारमा), २०६६ लागू
- कारागार नियमावली, २०२० को दशौँ संशोधनले बाल बिज्याइँमा परेका बालबालिकाको बालसुधार गृहमा रहने अवधि बढाउन सक्ने प्रावधान
- अपाङ्ग कल्याण ऐन, २०३९, सोसम्बन्धी कार्ययोजना, २०६३ कार्यान्यनमा आएको
- त्रिवर्षीय बालअधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना (२०६४-२०६७) लागू
- अन्तरिम राष्ट्रिय योजनामा बालबालिकासम्बन्धी अलग अध्याय
- बालबालिकाका लागि दश वर्षे राष्ट्रिय कार्ययोजना (२००५-२०१५) परिमार्जन गरी लागू
- बिस्तृत शान्ति सम्झौता, २०६३ मा १८ वर्षमुनिकालाई कुनै पनि सैन्यबलमा समावेश वा उपभोग नगर्ने, प्रभावित बालबालिकाको तुरून्त उद्दार गर्नेजस्ता कुराहरु उल्लेख
- निर्वाचन आयोगद्वारा जारी आचारसंहिता, २०६४ मा निर्वाचनका कुनै पनि क्रियाकलापहरुमा बालबालिकालाई प्रयोग गर्न नपाइने व्यवस्था

### ३.१.३ संस्थागत व्यवस्थाहरू

- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय (२०५२) को स्थापना
- केन्द्रमा केन्द्रीय बालकल्याण समिति सन् १९९५ मा गठन र ७५ वटा

जिल्लामा जिल्ला बालकल्याण समितिहरु गठन

- राष्ट्रिय मानव अधिकार आयोग र सो अन्तर्गत बालअधिकार संरक्षण एकाइ स्थापना
- महिला विकास विभागलाई महिला तथा बालबालिका विभागमा परिणत।
- ७५ वटै जिल्लाका महिला विकास कार्यालयलाई महिला तथा बालबालिका कार्यालयको रुपमा परिणत गरी महिला विकास अधिकारीहरुलाई बालकल्याण अधिकारको जिम्मेवारी प्रदान
- नेपाल प्रहरीको केन्द्रीय कार्यालय र यस मातहतका कार्यालयहरुमा महिला तथा बालबालिका सेवा केन्द्रको स्थापना।
- ४१ जिल्लामा जिल्ला बालसंरक्षण तथा सर्म्वद्धन उप-समिति गठन
- देशमा ६४८ वटा गाविसमा बालसंरक्षण तथा सर्म्वद्धन उप-समिति गठन
- केन्द्रमा बालन्यायलाई व्यवस्थित गर्न केन्द्रीय बालन्याय समन्वय समिति र यो कार्यक्रम सञ्चालन भएका २६ जिल्लामा जिल्ला बालन्याय समन्वय समिति गठन भई सेवा प्रदान भएको
- सन् १९९३ देखि राष्ट्रिय योजना आयोगमा महिला तथा बालविकास शाखा, श्रम मन्त्रालयमा सन् १९९४ देखि बालश्रम शाखाको स्थापना भएको छ भने स्वास्थ्य, शिक्षा मन्त्रालयलगायत राज्यका विभिन्न निकायहरुमा बालबालिका महाशाखा, शाखाहरुको स्थापना
- चेलीबेटी बेचबिखन तथा बालयौन शोषणविरूद्ध राष्ट्रिय कार्यदल तथा जिल्लास्तरीय कार्यदलहरु विभिन्न समस्याग्रस्त २६ जिल्लाहरुमा गठन
- हराएका बालबालिकाको खोजतलासको लागि काठमाडौँमा टोल फ्रि न. १०४ को सुविधासहित बालबालिका खोजतलास समन्वय केन्द्रको सञ्चालन
- बालअधिकार हनन्का घटनाहरुलाई तत्काल सम्बोधन गरी आवश्यक कारबाही गर्नका लागि १२ स्थानमा महिला तथा बालबालिका विभागमार्फत् महिला र बालबालिकाको लागि विकेन्द्रिकृत कार्यक्रम सञ्चालन

- सरकारले देशका ४ ठाउँमा बालकल्याण गृहहरु सञ्चालन गरेको र त्यहाँ १०८ जना सहाराविहीन बालबालिकाले संरक्षण पाइरहेका
- काठमाडौँमा कानुनसँगको विवादमा परेका बालबालिकाको लागि करिव ८० जनाको क्षमताको बालसुधार गृह निजी क्षेत्रको सहकार्यमा सञ्चालन भैरहेको
- आपतकालीन बालउद्धार कोष, २०६७ को स्थापना र सरकारले उक्त कोषमा एक करोड जम्मा
- महिला विकास कार्यक्रम अन्तर्गत विद्यालयबाहिर रहेका १० देखि १९ वर्षसम्मका किशोरीहरुका लागि किशोरी विकास कार्यक्रम सञ्चालन
- सबैका लागि शिक्षा कार्यक्रम सन् २००१ देखि २०१५ सम्म लागू
- सरकारले शिक्षामा सबैको पहुँच पुऱ्याउने उद्देश्यले खाना, तेल, छात्रवृत्ति, आवास, शिक्षण-सामग्री वितरण जस्ता कार्यक्रमहरु सञ्चालन

### ३.१.४. परिमार्जन तथा नया व्यवस्था गर्न लागिएका योजनाहरू

- बालगृह सञ्चालनसम्बन्धी न्यूनतम शर्त तथा मापदण्डहरु, २०६७ को तयारी पूरा भएको, औपचारिक रुपमा मन्त्री परिषद्‌बाट स्वीकृति प्राप्त गर्ने क्रममा रहेको ।
- बालश्रमसम्बन्धी गुरू योजना, २०६३ लागू भै अहिले पुनः सन् २००४-२०१४ सम्ममा निकृष्ट प्रकारको बालश्रम उन्मूलनसम्बन्धी व्यवस्थाको तयारी
- बालबालिका सम्बन्धी ऐन, २०६७ को मस्यौदा तयारी पूरा भै अनुमोदनको प्रक्रियामा
- बालबालिका सम्बन्धी राष्ट्रिय नीति तर्जुमाको चरणमा
- राष्ट्रिय बालसंरक्षण नीति तर्जुमाको चरणमा
- बाल सहभागिता सम्बन्धी राष्ट्रिय नीतिगत ढाँचाहरु तर्जुमाको चरणमा
- एच.आई.भी. एड्स सङ्क्रमित बालबालिकाको संरक्षण, स्वास्थ्य उपचार, आवास लगायतका विषयमा आवश्यक नीतिको तर्जुमाको चरणमा

- बाल हेल्पलाइन टोल फ्रि नं. १०९८ थप ३ जिल्लाहरु चितवन, लमजुङ र कञ्चनपुरमा सञ्चालनको चरणमा
- विराटनगर, पोखरा, नेपालगञ्ज र धनगढीमा बालसुधार गृह निर्माणको लागि रकम विनियोजन
- शान्ति तथा पुनःर्निर्माण मन्त्रालयको अगुवाइमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको समेत सहभागितामा सशस्त्र द्वन्द्वमा आवद्ध तथा यसबाट प्रभावित बालबालिकाको पुनःस्थापना र पुनःएकीकरणका लागि राष्ट्रिय कार्ययोजनाको तयारी पूरा भै स्वीकृतिको अवस्थामा
- जोखिमा परेका तथा द्वन्द्वबाट प्रभावित बालबालिका एवम् उनीहरुको परिवारका लागि विकेन्द्रित सहयोग सुदृढीकरण आयोजना अन्तर्गत ४,००० बालबालिकाका परिवारलाई जीविकोपार्जन अनुदान कार्यक्रम सुरू गर्न लागिएको जसअन्तर्गत स्थानीयस्तरमा लक्षित परिवारलाई व्यावसायिक क्रियाकलापको सुरूवात गराउने तथा जोखिममा रहेका, द्वन्द्वबाट प्रभावित, टुहुरा र विशेष संरक्षण
- आवश्यकता भएका बालबालिकालाई उद्धार, तत्कालीन राहत र पुनःस्थापनासम्बन्धी कार्यक्रम सुरूवात
- अपाङ्गता सम्बन्धमा नयाँ ऐनको तर्जुमा गर्न लागिएको

## ३.१.५. सङ्घसंस्थाका गतिविधिहरू

- बालबालिकाको आपतकालीन उद्धार सहयोग तथा परामर्शका लागि सन् २००७ देखि सरकारी तथा गैरसरकारी क्षेत्रको पहलमा सिविनद्वारा 'बाल हेल्पलाइन'का रुपमा १०९८ निःशुल्क टेलिफोन सेवा सञ्चालन ।
- हराएका बालबालिकामा केन्द्रित रहेर काठमाडौँमा बालबालिका खोजतलास समन्वय केन्द्र (फोन नं. १०४) सञ्चालन ।
- घरेलु बालश्रमिक सम्बन्धी सिविसद्वारा, चेलिबेटी बेचबिखन सम्बन्धी माइती नेपाल, हिमराइट्स (लाइफलाइन) लगायतका संस्थाबाट लगायतका हटलाइन सेवा सञ्चालन

- द्वन्द्वको अवस्थामा बालबालिकाको आधारभूत अधिकारको संरक्षणार्थ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवम् संयुक्त राष्ट्रसङ्घीय निकायसमेतको सहभागितामा गठित बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान सञ्चालन
- द्वन्द्वप्रभावित र द्वन्द्वसँग आवद्ध बालबालिकाको लागि काफाग कार्य समूह गठन
- बालसहभागिता अभिवृद्धि गर्न कार्यरत संस्थाहरुको साझा सञ्जाल गठन
- चेलीबेटी ओसारपोसार तथा बेचबिखनविरूद्ध कार्यरत संस्थाहरुको सञ्जाल एटविनबाट अभियान सञ्चालन
- अपाङ्ग बालबालिकाका निम्ति कार्यरत सिविआर नेशनल सञ्जाल मार्फत कार्य सञ्चालन
- बालगृहहरुको सञ्जाल सिनेटमार्फत कार्य सञ्चालन
- सडक बालबालिकाका निम्ति कार्यरत संस्थाहरुको सञ्जाल नाओस कार्य सञ्चालन
- प्रारम्भिक बालविकासमा कार्यरत संस्थाहरुको राष्ट्रिय सञ्जाल लगायतका सञ्जालहरुको गठन

### ३.२. क्षेत्रीय व्यवस्थाहरू

- सार्कमा सन् २००१ देखि २०१० सम्मलाई बालअधिकार दशकको घोषणा
- दक्षिण एसियाका लागि बालकल्याण प्रवर्द्धनका लागि क्षेत्रीय व्यवस्था सम्बन्धी महासन्धि, १९९९, सन् २००२ देखि लागू भएको
- वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने, सोविरूद्ध सङ्घर्ष गर्नेसम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि, २००२
- बालबालिकाविरूद्ध हुने हिंसा अन्त्यका लागि स्थापित दक्षिण एसियाली मञ्च (South Asia Forum for Ending Violence Against Children) लाई बालबालिकाविरूद्ध हुने हिंसा अन्त्यका लागि दक्षिण एसियाली प्रयास

(South Asia Initiative to Ending Violence Against Children-SAIEVAC) ले यस क्षेत्रका बालबालिकासम्बन्धी सरकारी र गैरसरकारी प्रयासहरुलाई यसै SAIEVAC को माध्यमबाट संयुक्त रुपमा सञ्चालन गर्ने कार्ययोजना तय

**३.३. अन्तर्राष्ट्रिय व्यवस्थाहरू**

- विगतका २ वटा विश्वयुद्ध, विभिन्न समयमा भएका क्षेत्रीय युद्धहरु, बहुपक्षीय र द्विपक्षीय एवम् आन्तरिकलगायतका हरेक प्रकारका युद्धहरुमा सबैभन्दा बढी युद्धसँग सरोकार नराख्ने ठूलो सङ्ख्यामा रहेका बालबालिका प्रभावित हुने र आफ्नो सुरक्षा तथा संरक्षणको लागि अरुले नै भूमिका निभाई दिनुपर्ने अवस्था भएकोले सोसम्बन्धमा आवश्यक व्यवस्था गर्नुपर्ने कुरा संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरुले लामो समयदेखिको बहस, छलफल रप्रयत्नबाट बालअधिकारसम्बन्धी महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९८९ नोभेम्वर २० मा पारित भै सदस्य राष्ट्रहरुलाई हस्ताक्षर, अनुमोदन र पक्षराष्ट्र बन्न आह्वान
- सन् १९९० को सेप्टेम्बर २ देखि विधिवत रुपमा यो महासन्धि लागू भएको हो भने नेपालले सोही महिना १४ सेप्टेम्बरका दिन यो महासन्धिलाई अनुमोदन
- बालअधिकार सम्बन्धी महासन्धि अस्तित्वमा आउनुभन्दा अगाडि पनि बालअधिकार संरक्षणका लागि विभिन्न प्रयासहरु, जस्तै–बालबचाउ अन्तर्राष्ट्रिय अभियानले बालबालिकाको कल्याण, हक र अधिकार संरक्षणका लागि सन् १९२३ मा तयार गरेको पाँच बुँदे घोषणापत्र (जेनेभा घोषणा) लाई राष्ट्रसङ्घको महासभाले सन् १९२४ मा पारित
- संयुक्त राष्ट्रसङ्घको मानव अधिकार सम्बन्धी घोषणापत्र, १९४८ मा बाल्यावस्थामा विशेष स्याहार तथा सहयोग पाउनु पर्ने लगायतका विभिन्न व्यवस्थाहरुको घोषणा
- संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९५९ मा बालअधिकार सम्बन्धी

१० बुँदे विश्व घोषणापत्र पारित गर्दै उनीहरुको शारीरिक तथा मानसिक अपरिपक्वताको कारण जन्मनुअघि र पछि विभिन्न किसिमका संरक्षण तथा स्याहारको व्यवस्था

- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २३ मा बाबुआमाको सम्बन्धबिच्छेद भएको अवस्थामा बालबालिकाको आवश्यक संरक्षणको व्यवस्था र धारा २४ मा नाबालकको आवश्यक संरक्षण गर्ने दायित्व परिवार, समाज तथा राष्ट्रको हुने व्यवस्था छ। सोही धारामा जन्म दर्ता, राष्ट्रियता र नामको अधिकारको सुनिश्चितता
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ५ को (ख) मा शिक्षा र पालनपोषणको दायित्वसम्बन्धमा धारा १० मा छात्राहरुको शिक्षाको विषयमा र धारा १६ (२) मा विवाहको लागि न्यूनत्तम उमेर हकको व्यवस्था
- बालअधिकार सम्बन्धी महासन्धिको पक्ष राष्ट्र बने पछि यस महासन्धिको दुईवटा स्वेच्छिक आलेखहरु– सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगलाई रोकथाम गर्ने तथा बालबालिकाको बिक्री तथा बालवेश्यावृत्ति नियन्त्रण सम्बन्धी आलेखको पनि नेपालपक्ष राष्ट्र
- यस महासन्धिको तेस्रो स्वेच्छिक आलेखको रुपमा बालबालिकाले सोझै बालअधिकार समितिमा उजुरी दिन पाउने व्यवस्था

**३.४. बालअधिकारसम्बन्धी महासन्धि जारी भएपछि भएका अन्य व्यवस्थाहरू:**

- सन् १९९० को सेप्टेम्बर ३० तारिखका दिन बालबालिका सम्बन्धी विश्व शिखर सम्मेलनले बालबचावट, संरक्षण र विकाससम्बन्धी कार्ययोजना तयार
- वेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलन, १९९५ को घोषणापत्रमा पनि बालिकाको अधिकारका सवालहरु समावेश भएको,
- सन् १९९९ मा अन्तर्राष्ट्रिय श्रम सङ्गठनले निकृष्ट अवस्थाको बालश्रम सम्बन्धी महासन्धि नं. १८२ पारित भएको,

- सहश्राब्दी विकास लक्ष्यहरु सन् २००० मा बालबालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धी विषय समावेश भएको,
- संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २००० मा बालअधिकारसम्बन्धी महासन्धि, १९८९ अन्तर्गत सशस्त्र सङ्घर्षमा बालबालिकाको संलग्नता तथा बालबालिकाको बेचबिखन, बालदेहव्यापार तथा बालबालिकाको अश्लील चित्रणसम्बन्धी दुईवटा ऐच्छिक आलेखहरु अनुमोदनको लागि खुला गरेको,
- सन् २००२ को मे महिनामा संयुक्त राष्ट्रसङ्घको बालबालिका सम्बन्धी महासभाले बालबालिकाका लागि विश्व अभियानलाई निरन्तरता दिँदै बालबालिकाको निम्ति सुहाउँदो विश्व निर्माण गर्न आह्वान गरेको,
- सन् २००५ मा सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगसम्बन्धमा अनुगमन गर्न संयुक्त राष्ट्रसङ्घको महासन्धिअन्तर्गत एक संयन्त्र निर्माण गर्ने सुरक्षा परिषद्को घोषणा नं. १६१२ जारी भएको,

# परिच्छेद– ४

## ४. बालअधिकार संरक्षण र सम्वर्द्धनसम्बन्धी गतिविधिहरू

### ४.१. संरक्षणात्मक गतिविधिहरू

### ४.१.१. उजुरी व्यवस्थापन

आयोगले बालअधिकार सम्बन्धी मुद्दाका उजुरीहरु माथि सुनुवाइको लागि छुट्टै बालअधिकार एकाइको स्थापना गरी कारबाही अगाडि बढाउँदै आएको छ । उजुरी शाखामा बालअधिकार उल्लङ्घनका उजुरी लिने, परामर्श सेवा प्रदान गर्ने तथा आवश्यकता अनुसार सत्यतथ्य सङ्कलनको लागि बयान लिने कार्य गरिन्छ । त्यसै गरी उजुरीको सम्बन्धमा आवश्यक जानकारी, सूचना, तथा प्रमाण सङ्कलनको निमित्त सम्बन्धित अधिकृतमार्फत सम्बन्धित निकायहरूमा पत्राचार गरी प्रारम्भिक काराबाही सुरू हुन्छ । यसकाअलावा बालअधिकारको गम्भीर उल्लङ्घनमा आयोग स्वयम्ले विभिन्न सूचनाको आधारमा स्वविवेकमा उजुरी ग्रहण गरी अनुगमन, अनुसन्धानको प्रकृया अगाडि बढाउने कार्य पनि गरेको छ ।

### ४.१.२. अनुसन्धान

आयोगले बालअधिकारको उल्लङ्घनको विषयमा अनुसन्धान गर्नु तथा निरोधात्मक उपायको लागि विभिन्न अनुगमन गर्दै आएको छ । यस कममा प्राप्त उजुरीउपर अनुसन्धान गर्ने तथा बालअधिकारको अवस्थाको सम्बन्धमा अनुसन्धान रअनुगमन कार्य निरन्तर भइरहेको छ । अनुसन्धानले घटनाको सत्यतथ्य पत्ता लगाउँदछ भने अनुगमनबाट बालअधिकारको अवस्थाको बारेमा जानकारी, सूचना आदिसङ्कलन हुन्छ । यसभित्र बालगृहको अवस्था, धर्ना, प्रदर्शन, जुलुस, बन्द, हडताल, कारागार तथा हिरासत अनुगमन आदि पर्दछन् । अनुगमन र अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा बालअधिकारको अवस्थामा सुधार ल्याउन आयोगले नेपाल सरकारलाई सिफारिस

समेत गरिरहेको रअनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणको आधारमा दोषीउपर कारबाही तथा पीडितलाई क्षतिपूर्तिको लागि सिफारिसहरु पनि हुँदै आएका छन् । अनुगमन, अनुसन्धान, सिफारिस, निर्णयहरु सम्बन्धी प्रतिवेदनहरु सर्वसाधारणको जानकारीको लागि आयोगबाट समय-समयमा प्रकाशन हुँदै आएका छन् । केही अनुसन्धानहरूको बारेमा देहायमा उल्लेख गरिएको छ ।

- कीर्तिपुरमा अवस्थित पुष्पसदन आवासीय विद्यालय कक्षा १० मा अध्ययनरत छात्रा मञ्जु अर्यालले २०६८ असार १० मा शुक्रबार दिउँसो करिब १:४५ बजेतिर विद्यालयमा रहेको छात्रवासको कोठाभित्र आफ्नै सुत्ने खाटमा तन्नाले घाँटीमा बाँधी आत्महत्या गरेको समाचार सञ्चारमाध्यममा प्रसारण, प्रकाशन भएको थियो । आयोगको टोलीले उक्त घटनाको स्थलगत अनुगमन गरेको थियो । हाल अनुसन्धान कार्य जारी रहेको छ ।
- सिन्धुपाल्चोक ठूलो शिरूबारी घर भई हाल श्री जनजागृति उमाविको प्राथमिक तहमा अध्यापन गराउँदै आएका शिक्षक नारायण श्रेष्ठले ९ वर्षदेखि १४ वर्षसम्मका ६ जना बालकहरुलाई यौनदुर्व्यवहार गरेको भन्ने उजुरीको सम्बन्धमा आयोगले अनुसन्धान सम्पन्न गरेको छ ।
- रौतहटको गरूडा बैरिया गाविस ६ निवासी १६ वर्षिय राहुल साह सोनारलाई २०६८ साल साउन ४ गते इलाका प्रहरी कार्यालय, गरूडा, रौतहटले सन्तोष कोल्ड स्टोरका सञ्चालक सन्तोष जयसवालको पसलमा चोरी गरेको आरोपमा पक्राउ गरी हिरासतमा यातना दिएको उजुरीउपर अनुसन्धान सम्पन्न भएको छ ।
- रोल्पा गैरिगाउँ १ निवासी वर्ष १६ का मानबहादुर पुनको बेवारिशे बम-विस्फोटनमा मृत्यु भएको घटनाको अनुसन्धान सम्पन्न भएको छ ।
- रोल्पा पाखापानी १ निवासी वर्ष ८ का तीर्थराज वलीको बम-विष्फोटनमा मृत्यु भएको घटनाको  अनुसन्धान सम्पन्न भएको छ ।
- जुगार - ५ रोल्पाका वर्ष ११ का देवीलाल भण्डारीको बेवारिशे बम-विष्फोटनमा मृत्यु भएको घटनाको  अनुसन्धान सम्पन्न भएको छ ।
- कल्याण गाविस सुर्खेतका १५ वर्षका केदार राना लगायतका व्यक्तिहरु

माओवादीबाट अपहरण परेको भनिएको घटनाको उजुरी टुङ्ग्याइएको छ ।

- बर्दिया जिल्ला धधवार ७ का १४ वर्षका तेजु थारूलाई सुरक्षाकर्मीले वेपत्ता पारेको घटनाको अनुसन्धान सम्पन्न भएको छ ।
- बर्दिया जिल्ला नैलापुर ४ का १७ वर्षका लल्लुराम थारूलाई सुरक्षाकर्मीले बेपत्ता पारेको घटनाको अनुसन्धान सम्पन्न भएको छ ।
- बाँके जिल्ला बनकटुवा २ का १५ वर्षका रामजानकी थारूको मृत्युको घटनाको प्रहरीबाट अनुसन्धान नगरिएको उजुरीउपर अनुगमन तथा अनुसन्धान सम्पन्न भएको छ ।
- बर्दिया जिल्ला ढोढरी गाविस ४ का १२ वर्ष टिकारानी थारूलाई सुर्खेतका कृष्ण गौलीले बालश्रमिक (कमलरी) बनाई सोही ठाँउबाट हराएकोमा प्रहरीले खोजतलास नगरेको भनिएको घटनाको अनुगमन तथा अनुसन्धानको साथै उजुरी टुङ्ग्याइएको छ ।
- नेपालगञ्ज १३ बस्ने वर्ष १३ की नितु सुनारलाई प्रहरी जवान हेमराज गिरीले झुक्याई विवाह गरी यौन शोषण गरेको घटनाको अनुसन्धान सम्पन्न भएको छ ।
- दाङ जिल्ला त्रिभुवन न.पा ८ का वर्ष १८ को रामपुरा घर्तीलाई सुरक्षाकर्मीले बेपत्ता पारेको घटनाको अनुसन्धान सम्पन्न भएको छ ।
- बुटवल दाउन्नेदेबी इङलिस बोर्डिङ स्कूलमा शिक्षकद्वारा छात्रामाथि यौनशोषण गरिएको भनी परेको उजुरीउपर अनुसन्धान सम्पन्न भएको छ ।
- जिल्ला नवलपरासी सुकरौली गाविस २ निवासी वर्ष १८ की रेखा पाण्डेयलाई निजका अभिभावकले २०६८ असार १४ गते भारत जिल्ला सिद्धार्थनगर थाना लोटन ग्राम भुसौला घर भएका अन्दाजी वर्ष ४५ को गुड्डु मिश्रासँग जबरजस्ती विवाह गरिदिएको सम्बन्धमा परेको उजुरीको अनुसन्धान सम्पन्न भएको छ ।

### ४.१.३. अनुगमन

त्यसै गरी यस अवधिमा यस आयोगले बालअधिकारको संरक्षणको निमित्त देहाय

बमोजिमको अनुगमन कार्य सम्पन्न गरेको छ ।

- काठमाडौँ जिल्लाको गल्फुटारमा बालगृहको अवस्था सम्बन्धमा,
- काठमाडौँ जिल्लाको नारायणथान गाविसमा रहेको बालगृहको अवस्था सम्बन्धमा,
- काठमाडौँको कीर्तिपुरमा घरमा काम गर्न राखेको बालिकामाथि भएको दुर्व्यव्यहार सम्बन्धमा,
- नेपाली काङ्ग्रेसले आयोजना गरेको उपत्यका बन्दमा बालबालिकाको प्रयोग समेत भएको भन्ने सम्बन्धमा,
- काठमाडौँको सुकेधारामा अलपत्र अवस्थामा रहेका दुई जना बालकलाई उद्धार गरी बाल हेल्पलाइन मार्फत पुनर्स्थापनाको लागि पठाइएको घटना सम्बन्धमा,
- राजधानीमा १३ विद्यार्थी सङ्गठनहरुले गरेको उपत्यका बन्दको सम्बन्धमा बालबालिकाका प्रयोग भएको भनिएको घटना सम्बन्धमा,
- काठमाडौँको तीनकुनेस्थित वडा प्रहरी कार्यलयमा बालक प्रमोद पौडेललाई गैरकानुनी थुनामा राखेको भन्ने सम्बन्धमा,
- बाँके, सुर्खेत, दैलेख, बर्दिया जिल्लाका प्रहरी कार्यालयको थुनुवा कक्ष तथा कारागारको अवस्था साथै त्यसमा बालबालिका राखिए/नराखिएको सम्बन्धमा,



वेवारिसे अवस्थामा फेला परेका सडक बालकहरूलाई उद्धार गर्ने क्रममा आयोगको टोली

- म्याग्दी जिल्लामा वालअधिकार र शिक्षाको अधिकार सम्बन्धमा,
- कास्की जिल्लामा रहेका फोर होप योजना अर्न्तगत फेष्टर फेमिलीमा रहेका बालबालिकाहरुको अवस्था सम्बन्धमा,
- विभिन्न जिल्लाहरुमा राजनैतिक पार्टीहरुले आयोजना गरेका बन्द, हडताल, चक्काजामहरुमा बालबालिकाको प्रयोग गरिए/नगरिएको सम्बन्धमा,
- मुक्त कम्लरी विकास मञ्च कैलालीद्वारा आयोजना गरिएको घरदैलो अभियान कार्यक्रममा सहभागी भई कैलालीमा रहेका कम्लरीको कम्लरीको अवस्थाका सम्बन्धमा,
- कैलाली जिल्ला कारागार कार्यालयमा राखिएका धनगढी नगरपालिकाका वर्ष १४ का वसन्त नेपाली, वर्ष १४ का पारस साह तथा वर्ष १५ का तपेन्द्र बिष्टको सम्बन्धमा,
- अपहरणमा परेका भनिएका रूपन्देहीका बालकहरु विशाल चौधरी, विशाल पाण्डे र आषिश बानियाँका सम्बन्धमा,
- समता विद्यालयमा रूपन्देहीमा कक्षा ८ मा अध्यनरत वर्ष १४ को सुदिप गिरीलाई सोही विद्यालयका शिक्षकले पढाइको सिलसिलामा कानमा पिटेको सम्बन्धमा,
- बसहियास्थित गणेश माध्यमिक विद्यालयको हाताभित्र बसहिया प्रहरी चौकी रहेको कारण बालबालिकाको अध्ययनमा पर्न गएको अवरोधको सम्बन्धमा,
- नवलपरासी जिल्लामा बालअधिकारको अवस्थाको बारेमा

### ४.१.४. उद्धार तथा पुनर्स्थापना

अत्यन्त कठीन अवस्थामा रहेका बालबालिकाहरुको बालअधिकार गम्भीर रूपमा उल्लङ्घन भएको वा हुन लागेको अवस्थामा आयोगले त्यस्ता बालबालिकाको उद्धार गरी पुनर्स्थापनाको लागि सम्बन्धित निकायमा पठाउने गरेको छ । यसको साथै मनोवैज्ञानिक परामर्शको लागि समेत विभिन्न गैरसरकारी सङ्घ,

संस्थाहरुसँग आयोगले समन्वय गरिरहेको छ । यस्ता उद्धार तथा पुनर्स्थापना सम्बन्धी कार्यमा आयोगले केन्द्रीय बालकल्याण समिति, गैरसरकारी सङ्घ, संस्था तथा नेपाल प्रहरीसँग समन्वय गर्दै कार्य गरिरहेको छ । आयोगले यस अवधिमा बालअधिकार उल्लङ्घनसम्बन्धी प्राप्त गरेको उजुरीको आधारमा पीडितलाई न्याय तथा दोषीलाई कारबाही गर्नको निमित्त आयोगले कारबाही अगाडि बढाएको छ ।



बेवारिशे अवस्थामा फेला परेका सडक बालकहरूलाई उद्धार गर्ने क्रममा आयोगको टोली

### ४.२. संवर्द्धनात्मक गतिविधिहरू

राष्ट्रिय मानव अधिकार आयोगले यस अवधिमा बालअधिकारको प्रवर्द्धन गर्ने उद्देश्यले देहायबमोजिम संवर्द्धनात्मक कार्यहरु सम्पन्न गरेको छः

- शारीरिक दण्डलाई (Corporal Punishment) लाई निरूत्साहित तथा निर्मूल गरी उनीहरुको अधिकार सुरक्षित गर्नुपर्छ भन्ने उद्देश्यका साथ

ललितपुरमा २०६८ असार १४ गते Corporal Punishment in Schools विषयक एकदिने Sensitization Workshop को आयोजना,

- २०६८ पुस १५.देखि १६ गते सम्म भक्तपुरमा बालअधिकारसम्बन्धी तालिम आयोजना ,



बालअधिकार सम्बन्धी तालीमका सहभागीहरू

- सन् २०१२ को लागि बालअधिकार संरक्षणको उद्देश्यले एक वर्षे कार्ययोजना निमार्णका लागि काठमाडौंमा कार्यशाला गोष्ठीको आयोजना,
- अन्तर्राष्ट्रिय बालदिवसको अवसर पारेर रसुवा जिल्लामा कार्यशाला गोष्ठीको आयोजना,
- रोल्पामा सरोकारवालाहरुसँग मिली बाल दिवस सम्पन्न,
- रोल्पा तथा सल्यानमा जिल्ला बालकल्याण समितिका पदाधिकारी तथा सरोकारबाला सङ्घसंस्थाहरुलाई बालअधिकार तथा मानव अधिकार सम्बन्धी प्रशिक्षण तालिम प्रदान,
- कम्लरीको रुपमा बढी मात्रामा जाने थारू समुदायको बाँके जिल्लास्थित राप्तीपारिका बिनौना बैजापुर, फत्तेपुर र कचनापुर गाविसलाई लक्षित गरी बृहत् चेतनामूलक कार्यक्रम सम्पन्न,
- विद्यालयमा दण्डसजाय र दुर्व्यवहार रोकथाममा सरोकारवालाको दायित्व विषयक एक दिवसीय कार्यशाला पोखरामा आयोजना,

- कैलाली जिल्लामा मुक्त कम्लरीको अधिकारको अवस्थाका सम्बन्धमा सरोकारवालाहरुबीच अन्तरक्रिया कार्यक्रम आयोजना



बिद्यालयमा हुने शारीरिक दण्ड सजाय न्यूनीकरण सम्बन्धि कार्याशाला गोष्ठी

- नवलपरासीमा रहेका बाल क्लबहरुको लागि आयोग र बालअधिकारको अवस्था विषयक सचेतना कार्यक्रम सम्पन्न,
- अर्घाखाँचीमा बालअकिारको अवस्था र सरोकारबालाको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम आयोजना
- पाल्पामा "पाठचक्रममा मानवअधिकार शिक्षा" विषयक कार्यशाला गोष्ठीको आयोजना,

त्यसै गरी क्षेत्रीय कार्यालय विराटनगर, जनकपुर तथा उपक्षेत्रीय कार्यालय जुम्ला, खोटाङ्गबाट पनि बालअधिकारको संरक्षणको लागि संवर्द्धनात्मक कार्यहरू भएका छन् ।

यसका अतिरिक्त, आयोगले राष्ट्रिय तथा क्षेत्रीय तहमा बालअधिकार संरक्षण तथा सर्म्वद्धनको लागि समय समयमा विभिन्न बैठक तथा छलफलको आयोजना गरेको थियो । विशेष गरेर नागिरक समाज, मानवअधिकारकर्मी, नेपाल सरकारका अधिकारीहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरु तथा सरोकारवालाहरु सँग समय-समयमा यस्ता बैठकहरु सम्पन्न भएका छन् । ती मध्ये केही निम्नानुसार छन्:

- बालअधिकारको संरक्षण र सम्वर्द्धनको लागि यस अवधिमा सेभ द चिड्रेन, सिजोप, शिक्षा विभाग अन्तर्गत बालिका शिक्षा सञ्जाल समिति, बालकल्याण समितिमा आयोगद्वारा विभिन्न बैठकहरुमा भाग लिनुका साथै बालअधिकारको क्षेत्रमा आयोगबाट भएका प्रयासको बारेमा प्रस्तुतिकरण गरिएको,
- २०६८ श्रावण २० गते आयोगको बालअधिकार एकाइ र सिविसबीच बालअधिकार संरक्षणको विषयमा आयोगको कक्षमा बैठक भई बालसंरक्षणमा कार्यरत सङ्घसंस्थाहरुबीच सहकार्य गर्ने र प्रभावकारी सञ्जालमार्फत् बाल संरक्षणार्थ लागिपर्ने निर्णय भएको,
- २०६८ श्रावण २४ गते Shadow Report to the Optional protocol on sale of Children, Child Prostitution and Child Pornography को बारेमा HRTMCC को Secretariat Child Nepal को सहआयोजनामा आयोगको सभाकक्षमा एक छलफल कार्यक्रम सम्पन्न,
- २०६८ भाद्र १ गते शिक्षा बिभागको नेतृत्वमा गठन भएको बालिका शिक्षा सञ्जालको बैठक आयोगको सभाकक्षमा सम्पन्न,
- २०६८ भाद्र २९ गते विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ बमोजिम गठित केन्द्रीय संयोजन समितिको बैठकमा आयोगले आफनो उपस्थिति जनाई निर्देशिकालाई थप परिष्कृत बनाउनको लागि विविध सुझाव र परामर्श दिएको,
- नयाँ संविधानमा बालअधिकारका सवाललाई लिएर जिल्लास्तरीय गोष्ठीमा सहभागिता,
- बालअधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी सङ्घ संस्थाद्वारा आयोजना गरिएको कार्यक्रममा सहभागिता
- बालअधिकार दिवसको अवसरमा विभिन्न प्रतियोगात्मक कार्यक्रमहरु, मानवअधिकार शिक्षा कार्यक्रमहरु आयोजना साथै विभिन्न प्रकारका कार्यशालाहरुमा सहभागिता तथा श्रोत व्यक्तिको रुपमा पनि आयोगबाट उपस्थिति

# परिच्छेद– ५

## ५. उजुरी तथा सिफारिसको अवस्था

आयोगले आफ्नो स्थापनाकालदेखि नै बालअधिकार उल्लङ्घनका उजुरीहरु ग्रहण गर्दै आइरहेको छ भने कतिपय अवस्थामा आफनो स्वविवेकमा उजुरी लिई बालअधिकार उल्लङ्घनको घटनामा अनुसन्धान तथा अनुगमन गर्दै आइरहेको छ । समाजमा घटिरहेका घटनाहरूको अनुपातमा आयोगमा पर्न आएको उजुरीको सङ्ख्या निकै कम देखिएता पनि आयोगले नीतिगत निर्णयहरू गर्दै नेपाल सरकारलाई बाल अधिकार सुनिश्चित गर्न सिफारिसहरुसमेत गरेको छ । उजुरीहरुमा अनुसन्धान अनुगमन गरी पीडितलाई क्षतिपूर्ति तथा दोषीलाई कारबाहीको लागि नेपाल सरकारलाई सिफारिसहरु पनि गर्दै आएको छ । आयोगले बालअधिकार उल्लङ्घनको विषयमा गरेका सिफारिहरु आंशिक रुपमा मात्र कार्यान्वयन भएका छन् । पीडितले पाउनु क्षतिपूर्तिको सम्बन्धमा धेरैले प्राप्त गरेको देखिए पनि दोषीमाथि कानुनी कारबाही चलाउनु भनी गरिएका सिफारिसहरु भने कार्यान्वयन नभएको अवस्था छ । आयोगले मुख्य रुपमा बालअधिकारको संरक्षणको लागि राज्यलाई जवाफदेही बनाउँदै पीडितको मानवअधिकार रक्षार्थ तथा दोषीहरूउपर कारबाहीको लागि नेपाल सरकारलाई बालअधिकारसँग सम्बन्धित विषयहरुमा विभिन्न सिफारिसहरु गरेता पनि सिफारिसहरुको कार्यान्वयन अवस्था न्यून छ । नेपाल सरकारबाट व्यक्त प्रतिवद्धताहरुको वावजुद कार्यान्वयन पक्ष फित्तलो भएको हुनाले बालअधिकारको अवस्था सन्तोषजनक मान्न सकिंदैन ।

### ५.१. आयोगमा परेका बालअधिकार हनन्सम्बन्धी उजुरीहरु

**आयोगबाट प्रकाशित वि.सं. २०५७/५८ देखिका वार्षिक प्रतिवेदनहरूको आधारमा बालअधिकार हनन् सम्बन्धी देहाय बमोजिम उजुरीहरु दर्ता हुन आएको देखिन्छ ।**

| क.सं. | वर्ष | उजुरी सङ्ख्या |
|---|---|---|
| १ | २०५७/५८ | १० |
| २ | २०५८/५९ | २ |
| ३ | २०५९/६० | ४ |
| ४ | २०६०/६१ | ३ |
| ५ | २०६१/६२ | २ |
| ६ | २०६२/६३ | ८१ |
| ७ | २०६३/६४ | ३० |
| ८ | २०६४/६५ | ७९ |
| ९ | २०६५/६६ | २३ |
| १० | २०६६/६७ | १५ |
| ११ | २०६७/६८ | १२ |
| | जम्मा | २६१ |

माथि उल्लेखित उजुरीहरू बाहेक हत्या, यातना, विस्थापन, नागरिक तथा राजनैतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक आधारसँग सम्बन्धित कैयन वयस्क पीडितहरू सँगै बालबालिकाहरू समेत रहेका र तिनीहरूको सम्बन्धमा पनि आयोगले आवश्यक अनुगमन तथा अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गरेको छ ।




आयोगले दुई किसिमबाट निर्णय गरी सिफारिहरु गर्दै आइको छ । पहिलो नीतिगत सिफारिसहरु जसमा आयोगले बिना कुनै उजुरी आफ्नो अनुगमन प्रतिवेदन तथा अन्य श्रोतबाट प्राप्त जानकारीको आधारमा नेपाल सरकारलाई नीति निर्माण, कानुनको निर्माण तथा नीतिगत तहबाट मानवअधिकारको संरक्षण गर्ने सिफारिसहरु रहेका छन् । जसमा मुख्यरुपले सबै बालबालिकालाई अनिवार्य शिक्षा दिने कार्यलाई आधारभूत अधिकारका रुपमा प्राथमिकता दिई कार्यान्वयन गर्ने, अन्तरसीमा तथा सीमापार चेलिबेटी बेचबिखनलाई रोक्नको लागि प्रभावकारी उपायहरु अवलम्बन गर्ने, छाउपडी, झुमा, देउकीजस्ता परम्परागत संस्कारको नाममा हुने शोषणको रोकथामको लागि प्रभावकारी कानुनको निर्माण गरी कार्यान्वयन गर्ने आदि रहेका छन् । त्यस्तै हत्या हिंसा र सार्वजनिक सम्पत्तिको बिनाशबाट शैक्षिक क्षेत्रमा अस्तव्यस्तता बढ्न गई बालबालिकाको पढ्न पाउने अधिकार हनन् भइरहेको हुँदा विद्यालयलाई शान्तिक्षेत्रको रुपमा स्वीकार गरी तदनुरुप व्यबहार गर्नुपर्ने, द्वन्द्वको कारण बालबालिकामा पुग्न गएको प्रत्यक्ष असरबाट सुरक्षित राख्न हिंसापीडित बालबालिकाको अधिकार संरक्षणको लागि विशेष कार्यक्रम ल्याइनुपर्ने रहेका छन् । जातजाति, लिङ्ग, भाषा, धर्म, राष्ट्रियता र सामाजिक उत्पत्ति, सम्पत्ति र जन्ममध्ये कुनै पनि कुराको आधारमा भेदभाव नगरी बालबालिकालाई परिवार,

समाज र राज्यबाट सुरक्षाको प्रत्याभूति गरिनुपर्ने विषय पनि सिफारिसमा परेका छन् । विद्यालय भवन तथा विद्यालयको क्षेत्रभित्र हुने गैरशैक्षिक क्रियाकलापमा रोक लगाउनु पर्ने र विद्यालयभित्र सैन्य गतिविधिहरु सञ्चालन गर्न नहुने, विद्यालयमा शारीरिक दण्ड, सजायलाई अन्त्य गरिनुपर्ने, सरकारको निःशुल्क स्वास्थ्य नीति तथा बालबालिकाको स्वास्थ्य सम्बन्धी विशेष कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, उच्च पहाडी, हिमाली तथा ग्रामीण क्षेत्रमा अनुगमन गरी त्यस्ता बालबालिकाहरुको लागि स्वास्थ्य उपचार र पोषण कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने लगायतका सिफारिसहरु रहेका छन् ।

## ५.२. बालअधिकार हनन्का उजुरीहरूको विवरण

आयोगको पछिल्लो तथ्यांक अनुसार २०६८ चैत्र मसान्तसम्ममा आयोगका सबै कार्यालयहरूमा गरी १९२ वटा उजुरीहरू अनुसन्धानको क्रममा रहेका छन् । तलको तालिकाबाट यो अझ स्पष्ट हुनेछ :

**Cases under investigation as on Chaitra 30, 2068**

| S.N | Thematics | NHRC Offices | | | | | | | | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Lalitpur | B'tnagar | K'tang | J"kpur | Pokhara | Butwal | N'gunj | Jumla | D'gadhi | |
| 8 | CRC | 30 | 14 | 10 | 1 | 3 | 5 | 107 | 2 | 20 | 192 |
| Total Cases | | 30 | 14 | 10 | 1 | 3 | 5 | 107 | 2 | 20 | 192 |

## ५.३. अन्य गतिविधिहरू

बालअधिकारको संरक्षण तथा सम्वर्द्धनको लागि टेवा पुग्ने उद्देश्यबाट आयोगले समय-समयमा बालबालिकासँग सम्बन्धित अतिरिक्त कार्यहरु पनि गर्दै आएको छ। यसबाट बालअधिकारको क्षेत्रमा सरोकार राख्ने व्यक्ति तथा बालबालिकालाई

अधिकारको क्षेत्रमा थप सिक्ने, जान्ने अवसर मिलेको छ। यसका साथै, विभिन्न विद्यालयहरुबाट समय-समयमा आयोगमा भ्रमण गर्न आउने विद्यार्थीहरुलाई आयोगको गतिविधि तथा बालअधिकार सम्बन्धमा जानकारी गराउने कार्यहरु पनि हुँदै आएका छन्। यस अवसरमा आयोगले बालअधिकार संरक्षण बारेमा जानकारी दिनुका साथै आयोगको सम्बन्धमा जानकारी र सूचनाहरु प्रदान गरिन्छ। साथै, आयोगबाट प्रकाशित मानव अधिकार तथा बालअधिकारसम्बन्धी प्रकाशनहरु पनि वितरण गर्ने गरिन्छ।

## ५.४. सहकार्य र समन्वय

बालअधिकारको संरक्षण तथा सम्वर्द्धनको लागि आयोगले आफनो अधिकार क्षेत्रभित्र रहेर विभिन्न सङ्घसंस्थाहरुसँग बालअधिकारको सरंक्षणको निमित्त विविध तवरमा सहकार्य र समन्वय गर्दै आएको छ। केन्द्रीय तथा क्षेत्रीय तहमा नागरिक समाज तथा मानवअधिकार रक्षकहरुसँग आयोगले सहकार्य तथा समन्वयमा अनुसन्धान तथा गर्दै आएको छ। सहकार्यकै रूपमा विभिन्न अन्तर्क्रिया, तालिम, गोष्ठी तथा छलफल कार्यकमहरु पनि सम्पन्न भएका छन्। त्यसै गरी बालअधिकारको संरक्षण तथा सम्वर्द्धनको लागि बालअधिकारसँग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुसँग पनि सहकार्य गर्ने गरेको छ। राष्ट्रिय स्तरमा बालअधिकारसँग सम्बन्धित विभिन्न गैरसरकारी संस्थाहरु रहेका छन् भने अन्तर्राष्ट्रिय तहमा सेभ द चिल्ड्रेन, युएनडीपी, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चआयुक्तको कार्यालय, युरोपिएन युनियन तथा द एसिया फाउण्डेशन, फिनलैण्ड सरकार आदि रहेका छन्। आयोग र नेपाल सरकारका विभिन्न निकायहरु, जस्तै– मन्त्रालय, विभाग, सुरक्षा निकाय तथा प्रशासनिक अधिकारीहरुबीच बालअधिकारको सर्न्दभमा क्षमता अभिवृद्धि कार्यकमहरु पनि सञ्चालन हुँदै आएका छन्।

राष्ट्रिय मानव अधिकार आयोगहरुको छाता सङ्गठन International Coordination Committee र मानवअधिकार आयोगहरुको क्षेत्रीय छाता सङ्गठन Asia Pacific Forum सँग सहकार्य र समन्वय गर्दै अन्तर्राष्ट्रिय स्तरमा बालअधिकारको संरक्षणको निमित्त आयोगले आवाज उठाउँदै आएको छ। सन् २०११ को विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review)

मा यस आयोगले छुट्टै प्रतिवेदन बुझाई अन्य मानवअधिकारको अवस्थाको साथै बालअधिकारको मुद्दालाई जोडदार रुपमा उठाएको थियो । बालअधिकार उल्लङ्घनका सूचना तथा तथ्यहरु सङ्कलन गर्न तथा बालअधिकारको सम्बन्धमा यथेष्ट ज्ञान, सीप, सूचना र जानकारी सम्प्रेषण गर्न आयोगले पत्रकार, शिक्षक, विद्यार्थी, बाल क्लबहरुसँग समेत सहकार्य र समन्वय गरिरहेको छ भने अर्कोतर्फ विद्यालयहरुको सङ्गठन, शिक्षक संगठनहरू, पेशागत सङ्घसंस्था र राजनैतिक दलहरुलाई बालअधिकारको बारेमा सजग बनाउने कार्यहरु गर्दै आएको छ ।

# परिच्छेद– ६

## ६. उपलब्धि, चुनौती, सुझाव र सिफारिसहरू

### ६.१. उपलव्धीहरू

यस वर्ष आयोगबाट समग्र बालअधिकारको सम्बन्धमा बालअधिकारको अवस्था, कारागार तथा हिरासतमा रहेका बालबालिकाको अवस्था, गैरकानुनी थुना, बम विष्फोटन, यौन-दुर्व्यवहार, विद्यालयमा दुर्व्यवहार, घरेलु बालश्रमिकको अवस्था, अपहरण, बेपत्ता, बन्द हड्तालमा बालबालिकाको प्रयोग तथा बालगृहमा आश्रित बालबालिकाहरूको अवस्था लगायतका मुद्दाहरुमा अनुगमनहरू सम्पन्न भएका छन् । त्यसै गरी आयोगबाट विद्यालयमा शारीरिक दण्डसजाय, यौनदुर्व्यवहार, जबर्जस्ती करणी तथा विगतको द्वन्द्वसँग सम्बन्धित उजुरीहरु, गैरकानुनी थुना लगायतका विषयहरुमा अनुसन्धानहरू भएका छन् ।

आयोगले बालअधिकारसम्बन्धी महाससिन्धको दोस्रो स्वेच्छिक आलेख OPSC को नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घीय समितिमा बुझाउन तयार गरेको प्रतिवेदनउपर पुनरावलोकन गरी विविध सुझावहरु दिएको छ। त्यसै गरी OPSC को सम्बन्धमा गैरसरकारी संस्थाहरुबाट तयार परिएको छाँया प्रतिवेदनमाथि एक दिने छलफल कार्यक्रमको आयोजना गरी त्यसबाट प्राप्त सुझावहरु समेत नेपाल सरकारलाई दिएको छ ।

आयोगबाट पाठ्यक्रममा मानवअधिकार शिक्षा समावेश, विद्यार्थीहरुमाथि हुने शारीरिक दण्ड, बालअधिकारको कार्ययोजना निर्माणसम्बन्धी केन्द्रीय र क्षेत्रीय तहमा कार्यशाला आयोजना गरिएको थियो । जिल्लास्थित स्थानीय बाल क्लबहरुसँग मिली बालअधिकार संरक्षण तथा सम्वर्द्धनसम्बन्धमा विभिन्न कार्यक्रमहरु आयोजना भएका छन् । आयोगले बालअधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी एवम् गैरसरकारी सङ्घसंस्थाहरुसँग (केन्द्रीय बालकल्याण समिति, सिजोप, कन्सोर्टियम, सिविन, बालिका शिक्षा सञ्जाल आदि) सँग मिली छलफल, बैठक, सहकार्य, समन्वय र सम्बन्ध बिस्तार गर्दै आएको छ ।

नेपाल विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय बालअधिकार संरक्षणका संयन्त्रहरुको पक्षराष्ट्र बनिसकेको अवस्थामा आवश्यक पर्ने संयन्त्रहरुको निर्माणमा आयोग अग्रसर रहेको छ । प्रस्तावित संविधानमा बालअधिकार सुनिश्चित गर्न तथा सरकारले बनाउने बालअधिकार सम्बन्धी नीति अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको हुनुपर्नेमा आयोगले वकालत गर्दै आएको छ । नर्वेका बालअधिकारसम्बन्धी अम्बुडसम्यानको यस वर्षको नेपाल भ्रमणताका आयोगले बालअधिकारको सम्बन्धमा गरेका कामकारबाहीको बारेमा जानकारी गराएको थियो । सरकारले तयार गरेका विद्यालय बालसंरक्षण नीतिमा आयोगले सिफारिस गरी यसलाई थप बालअधिकारमुखी बनाउन तथा बालअधिकार संरक्षण निम्ति विविध सुझावहरु दिएको छ ।

## ६.२. चुनौतिहरू

समयमा पाठ्यक्रम नपुगेर तथा शिक्षकको अभावमा अझै पनि दुर्गम जिल्लाका बालबालिकाहरु शिक्षाको अधिकारबाट वञ्चित भइरहेका छन् । अल्पसङ्ख्यक बालबालिका, जस्तै–चेपाङ, राउटे जातिका बालबालिकाहरुमा पढ्नुपर्छ भन्ने चेतना हालसम्म पनि पाइएको छैन । बालबालिकाहरुको लागि बाँडिएको पोलियोको थोपासमेत प्रदुषित रहेको समाचार सञ्चार माध्यममा प्रकाशित भइरहेका छन् । पोषणयुक्त खानेकुराको अलावा बालबालिकाहरु खाद्यान्नको अधिकारबाट समेत वञ्चित भइरहेका छन् जबकि खाद्यान्नलाई हरेक नागरिकको प्राथमिक अधिकार मानिन्छ । बालबालिकाको स्वास्थ्यसँग सम्बन्धित औषधीहरु निःशुल्क रुपमा वितरण हुन सकेको छैन । पहाडी क्षेत्रमा बालभरिया, सहरी क्षेत्रमा बालश्रमिक र सडक बालबालिका, हुने खाने वर्गकोमा कम्लरी र घरेलु बालश्रम, दुर्गम-गरिबीले आक्रान्त क्षेत्रमा बालविवाह, भेदभाव, धार्मिक कुसंस्कार भएका ठाउँमा छाउपडी, राजनीतिक दलहरुबाट बालबालिकाको प्रयोग, आपराधिक समूहबाट फिरौतीका लागि अपहरण, सङ्क्रमणको सिकार, हत्या लगायतका प्रवृत्तिहरु दिनानुदिन बढ्दै गएका छन् ।

प्रारम्भिक बालविकासको अवधारणासमेत गौण हुनु र यसको लागि खोलिएका केन्द्रहरुको उचित अनुगमन हुन सकेको छैन । बालअधिकार ऐनलाई अन्तर्राष्ट्रिय

मापदण्ड अनुरुप बनाउने उद्देश्यले समीक्षा भए पनि हालसम्म सरकारले यसलाई पारित गरी लागू नगरेको अवस्था छ । सरकारी सेवा प्रदायक निकायहरु बीचमा समन्वयको अभाव र कार्यान्वयनमा फितलो भई पहुँचयोग्य स्थानमा मात्र कार्यक्रम पुग्ने, लक्षित वर्गमा कार्यक्रम पुग्न सकेको छैन । सशस्त्र द्वन्द्वको कारण पीडित बालबालिकाको पुनःस्थापना तथा उचित संरक्षण हुन सकेको छैन् । विश्वव्यापी आवधिक प्रतिवेदनमा बालअधिकारसम्बन्धी विभिन्न ३२ वटा सिफारिसहरु नेपाल सरकारले कार्यान्वयन गर्नुपर्नेमा हालसम्म कार्यान्वयनको अवस्थासम्बन्धमा अनुगमन हुन सकेको छैन । प्राथमिक तहमा भर्ना भएका विद्यार्थीको सङ्ख्या र माध्यमिक तहमा भर्ना भएका विद्यार्थीको सङ्ख्याको अनुपातले अझै पनि शैक्षिक सत्रको बीचमा विद्यालय छोड्ने सङ्ख्या अत्यन्त ठूलो रहेको देखिन्छ । नेपाल सरकारले बालअधिकार सम्बन्धी महासन्धिको तेस्रो स्वेच्छिक आलेखको अनुमोदनमा चासो देखाएको छैन । विद्यालयमा जाने सरकारी अनुदान ठूलो चुहावट तथा भ्रष्टाचार हुने गरेको तथ्य सार्वजनिक भएका छन् ।

आयोगले सरकारलाई गरेका सिफारिसहरुको कार्यान्वयन नहुनु, भएका कार्यान्वयनहरुमा पनि क्षतिपूर्तिमात्र उपलब्ध गराइएको अवस्था छ । हिरासत, कारागारहरुमा बालबालिका राखिएको, उनीहरुको पठनपाठन र स्वास्थ्यमा समस्या छ । बालमनोविज्ञानलाई नबुझी निजी विद्यालयहरुको आवश्यकताभन्दा बढी पठनपाठन गराउने तथा अत्याधिक पुस्तकहरुको बोझ बालबालिकालाई बोकाउने प्रतिस्पर्धात्मक अवस्था विद्यमान छ । नेपाल सरकारले हालसम्म बालबालिकाको अधिकार संरक्षण नीति लागू नहुनको साथै अल्पसङ्ख्यक बालबालिकाको शिक्षा तथा सर्वाङ्गीर्ण विकासको लागि नेपाल सरकारबाट ठोस पहल हुन सकेको छैन । बालसुधार गृहको अभाव हुनुको साथै भएका बालसुधा गृहहरुमा पनि व्यापक रुपमा अनियमितता हुनुका साथै यौन-दुर्व्यवहारका घटनाहरु बाहिर आइरहेका छन्, जसको उचित सम्बोधन हुन सकेको छैन ।

नेपालको शहरी क्षेत्रमा खुला व्यापार, सार्वजनिक यातायातका साधन, होटल तथा रेष्टुरेन्टमा काम गर्ने बालबालिकाहरुको सङ्ख्या उच्च रहेको छ । यो वर्ग आजको आधुनिक युगमा पनि शिक्षाबाट वञ्चित भएको अवस्था

छ । बालश्रमको अवस्था अत्यन्त नाजुक छ । प्रायः कलकारखाना, उद्योग, व्यवसाय आदिमा प्रत्यक्ष वा परोक्ष रुपमा बालबालिका बालश्रमिकको रुपमा कार्य गर्न बाध्य छन् । घरेलु कामदारको रुपमा रहने बालबालिकाको सङ्ख्या बढदो छ । आयोगले निजामती कर्मचारीको घरमा घरेलु कामदार राख्न नपाइने भनी नेपाल सरकारलाई गरेको सिफारिस अझै कार्यान्वयन हुन सकेको छैन । यसतर्फ सरकार उडासीन देखिन्छ ।

### ६.३. आयोगको सुझाव तथा सिफारिसहरू

बालबालिकाको सर्वाङ्गिण विकास र बाल अधिकारको सुनिश्चिततताको लागि आयोग देहाय बमोजिम सिफारिश गर्दछ :-

#### ६.३.१. नेपाल सरकारलाई

१. बालअधिकारका मुद्दाहरूलाई थप प्रभावकारी रुपमा सम्बोधन गर्न, सहकार्य र समन्वयमा विशेष जोड दिन,

२. बालअधिकार प्रवर्द्धनको निमित्त सञ्चार माध्यमहरुसँग सहकार्य र समन्वयमा अभिवृद्धि गर्न,

३. शिक्षाबाट वञ्चित बालबालिकाहरुको लागि व्यवहारिक रुपमा उचित व्यवस्था गर्न,

४. आयोगबाट बालअधिकार हनन्का घटनाहरुमा गरिएका सिफारिसहरुको पूर्ण कार्यान्वयन गरी विवरण सार्वजनिक गर्न, बाल अधिकार उल्लंघनका दोषीहरुलाई तत्काल कार्यवाही गर्न,

५. बालअधिकार सम्बन्धी तेस्रो इच्छाधीन आलेखलाई अनुमोदन गर्न,

६. संयुक्त राष्ट्रसङ्घीय बालअधिकार समितिमा एवम् सन् २०११ मा मानवअधिकार परिषद्मा पेश गरिएको विश्वव्यापी आवधिक समीक्षा-प्रतिवेदनमा उल्लेख भएका बालअधिकारसँग सम्बन्धित विषयहरूलाई कार्यान्वयमा ल्याउन,

७. बालअधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्यवयन गर्न,

८. सेवाप्रदायक निकायहरुबीच समन्वय मिलाउन आवश्यक संयन्त्रको

निर्माण गर्न,

९. अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षा र स्वास्थ्यमा विशेष संरक्षणको कार्यक्रम ल्याउन,

१०. द्वन्द्वपीडित, द्वन्द्व-प्रभावित, अनाथ, विद्यालय-जाने-उमेरका भरिया-बालबालिका तथा जोखिमपूर्ण काम गर्न बाध्य बालबालिकाहरूको पुनःस्थापना गर्न,

११. बालअधिकारसँग सम्बन्धित तथ्याङ्क दुरूस्त राख्न,

१२. व्यावहारिक रूपमा विद्यालयहरुलाई शान्ति क्षेत्रको रुपमा विकास गर्न,

१३. भरपर्दो शिक्षण सेवा सुनिचित गर्न र विद्यालयमा समयमै पाठ्यपुस्तकहरु उपलब्ध गराउन तथा पाठ्यपुस्तकहरुमा एकरुपता कायम गर्न,

१४. बालअधिकारको कलङ्कको रुपमा रहेका बालविवाह लगायतका कुप्रथाहरुको अन्त्यको लागि प्रभावकारी कदम चाल्न,

१५. बेवारिसे अवस्थामा छाडिएका बम-विस्फोटमा परी सर्वसाधारण र बालबालिकाहरूको मृत्यु र घाइते समेत भएको पाइएकोले त्यस्ता कार्य हुननदिन सरकारले तत्काल विद्युतीय धराप तथा विस्फोटक पदार्थ राखिएका स्थानहरू पहिचान गरी निष्क्रिय गराउन तथा पीडितहरुको आवश्यक उपचार, क्षतिपूर्ति र राहतको व्यवस्था गर्न,

### ६.३.२. राजनीतिक दलहरुलाई

१. बालबालिका तथा विद्यार्थीहरुलाई दलीय स्वार्थको लागि सभा, जुलुस बन्द, हडताल आदिमा प्रयोग नगर्न,

२. विद्यालयलाई शान्ति-क्षेत्र बनाउन सहयोग पुऱ्याउन,

३. बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी आफ्ना गतिविधिहरु सञ्चालन गर्न,

### ६.३.४. अन्य पक्षलाई

१. निहित स्वार्थपूर्तिको लागि बालबालिकाको अपहरण नगर्न, हत्या नगर्न र साथै कुनै पनि निहित स्वार्थका लागि बालबालिकाहरुलाई प्रयोग नगर्न, नगराउन ।

# अनुसूची- १

**१. प्रेषित विज्ञप्ति/पत्राचार :** यस अवधिमा आयोगबाट ४ पटक बालअधिकारसँग सम्बन्धित विषयहरुमा प्रेस विज्ञप्तिहरु जारी गर्दै नेपाल सरकारलाई पत्राचार समेत भएका छन् ।

**२. पत्र-पत्रिकामा प्रकाशित बालअधिकार हनन्का घटनाहरू :** बालअधिकार हनन्का यस वर्षका केही घटनाहरुलाई देहायमा उल्लेख गरिएको छ ।

| क्र.स. | मिति | स्थान | पीडितको नाम | उमेर, वर्ष | मानवअधिकार उल्लङ्घनको विषय | आरोपित पीडक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०६८/८/१६ | मोरङ | सुरज मण्डल लगायत | १२ | बालश्रम | विराटनगर लभ्ली चाट हाउस | |
| २ | २०६८/८/२१ | | शिवम पुरी सर्किट | ५ | अपहरण | राम अवतार गुप्ता/चन्द्रप्रकाश गुप्ता/ घनश्याम चौधरी/गणेप्रसाद धोबी | |
| ३ | २०६८/८/१८ | धनुषा | प्रियङ्का ठाकुर | ८ | अपाङ्गता भएता पनि स्वास्थ्यमन्त्रीको स्वागतमा ३ घण्टा लामवद्ध | | |
| ४ | २०६८/८/२५ | काभ्रे | दुई नाबालाक छोरी | | हत्या | शान्तिदेवी (आमा) | |
| ५ | २०६८/८/२३ | नेपालगञ्ज | सुनिता मौर्य, निशा गडरिया, अनिता जैसवाल लगायत | १२ | बालबिवाह | | |
| ६ | २०६८/८/२२ | बाजुरा | नवीन विक र रण विक | १३ | जातीय विभेद (परिवारबाट निष्कासन) | | |
| ७ | २०६८/८१८ | नेपालगञ्ज | ४,००० बालबालिका | | बालश्रममा संलग्न | | |
| ८ | २०६७/९/११ | हेटौंडा | बालिकाहरु | १२ र ९ | बलात्कार | रेस्टुरेन्ट सञ्चालक | |
| ९ | २०६७/९/११ | बर्दिया | दुई बालिका | ७ र ५ | | दुखी लोध | |
| १० | २०६७/९/६ | काठमाडौं | बालक | ८ | यौन-दुर्व्यबवार | फ्रेन्च नागरीक जिन ज्याकस मौरिस हेय | |
| ११ | २०६७/९ | बुटवल | मुस्लिम किशोरी | १ | बलात्कार | मधेशी जनअधिकार फोरमका कार्यकर्ता | |
| १२ | २०६८/९/४ | काठमाडौं | गर्भे शिशु | | आमाको शल्यक्रिया गर्दा बच्चाको पेट काटिएको | डा. रीता माननधर | |
| १३ | २०६७/९/२० | दाङ | ४७ जना बालबालिका | | एचआई भी सङ्क्रमणपछि अभिभावकको मृत्युबाट बालबालिको बिचल्ली | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | २०६७/९/२५ | दोलखा | सञ्जय महरा | १ | अपहरण पछि हत्या | रामकिशोर राम, नुरआलम सिद्धी र नेपाली नागरिक मन्सुर | |
| १५ | २०६७/९/६ | काठमाडौं | ११ जना मुक्तकमैया | | शिक्षाबाट वञ्चित | | |
| १६ | २०६७/९/१५ | नवलपरासी | पूजा अधिकारी/माया राना | | शिक्षकद्धारा यौनदुर्व्यबहार | | |
| १७ | २०६७/९/१९ | सिराहा | जीवन यादब | ८ | विद्यालयको छात्रावास बाट बेपत्ता | | |
| १८ | २०६७/११/१४ | लहान | आयुष साह | ५ | अपहरण | | |
| १९ | २०६७/११/१७ | सुनसरी | सृष्टि रानाभाट | १२ | आत्महत्या | शिक्षकद्धारा मानसिक तनाव | |
| २० | २०६७/११/१७ | बनेपा | बालिका | | बलात्कार | सुनिल कार्की | |
| २१ | २०६७/११/१६ | धरान | सुरज चौधरी/करन मगर/विशाल राय | १२,११ र १२ | सडक बालबालिका | अभिभावको यातनाका कारण | |
| २२ | २०६७/११/१८ | सुर्खेत | नाबालक दुई छोरी | ५ र ७ | बलात्कार | आफ्नै बाबु | |
| २३ | २०६७/११/२९ | काठमाडौं | अमीर जोशी र आकाश जोशी | १४ र ११ | बेपत्ता | अज्ञात | |
| २४ | २०६७/११/२२ | सुनसरी | अजवन खातुन | १७ | बलात्कार पछि हत्या | | |
| २५ | २०६७/११/२३ | भक्तपुर इँटाभट्टा | सुरेश घर्ती | १३ | बल श्रम | | |
| २६ | २०६७/११/३० | धादिङ | बालिका | १४ | अश्लील चित्र बनाई यौनशोषण | विनोद गुप्ता र शेख अल्यास | |
| २७ | २०६७/११/२५ | नुवाकोट | बालिका | ६ | अपहरण | कुमार श्रेष्ठ | |
| २८ | २०६७/११/२१ | धनगढी | दलित बालिका | १३ | बलात्कार | द्वारिकाप्रसाद ठाकुर | |
| २९ | २०६७/११/१० | सप्तरी | आयुषकुमार साह | ६ | अपहरण | | |
| ३० | २०६७/११/८ | संखुवाशभा | कुमारी मगर | १५ | कुटपिट | मओवादी जिल्ला सदस्य | |
| ३१ | २०६७/११/१५ | मोरङ | सीता घिमिरे | १६ | अपहरण | नकावधारी समूह | |
| ३२ | २०६७/१२/१७ | कपिलवस्तु | सुनिता थारू | १२ | उपचारबाट वञ्चित | आर्थिक अवस्था कमजोर | |
| ३३ | २०६७/ | रूकुम | बालिका | १३ | बलात्कार | शिक्षक गोपाल केसी | |
| ३४ | २०६७/१२/२२ | रौतहट | पुनम मल्लिक | ४ | बालबिवाह | परिवार | |
| ३५ | २०६७/१२/१ | काठमाडौं | सजनी केसी | १६ | आत्महत्या | विद्यालय (होस्टल) | |
| ३६ | २०६७/१२/२ | काठमाडौं | बालिका | ७ | बलात्कार | राजेश घिसिङ | |
| ३७ | २०६७/१०/२८ | बारा | विशाल यादब | ६ | हत्या | मामा लालबाबु राउत | |
| ३८ | २०६७/१०/२८ | कास्की | बालिका | १४ | कुटपीट जवरजस्ती यौनकरण गर्न खोजेको | अनाथालय प्रमुख रमेश थापा | |
| ३९ | २०६७/१०/५ | जनकपुर | राजन र मेहुल | ५, २ र ५ | विष खुवाई हत्या | काकी | |
| ४० | २०६७/१०/१५ | सप्तरी | सुनिलकुमार चौधरी | १२ | अपहरण | | |

©

# अनुसूची- २

## विद्यालयमा हुने शारीरिक दण्डविरुद्ध बालबालिकाको अधिकार

**परिचयः**

आजका बालबालिका भनेका भविष्यका कर्णधार मात्रै होइन वर्तमानका यथार्थ पनि हुन् । राज्य तथा परिवारको उचित संरक्षण र हेरचाहविना देशमा कैयन बालबालिकाहरू न्यूनतम स्वास्थ्य सुबिधा तथा आवधिक खोपहरूबाट बञ्चित् हुनपुगेका तथा विद्यालयसम्मको पहुँचबाट टाढा रहेको अवस्था छ। उनीहरूलाई गुणात्मक शिक्षा र जीवन उपयोगी सीप प्रदान गर्नु परिवार, समाज तथा राज्यको परम दायित्व हो । हाम्रो परिवेशमा बालबालिकालाई सजाय दिएर मात्र अनुशासित बनाउन सकिन्छ भन्ने गलत मान्यता रहँदै आएको छ । यस्तो किसिमको सजायबाट बालबालिकामा नकारात्मकरूपमा शारीरिक, मनोवैज्ञानिक, मनो-सामाजिक असर पर्दछ ।

समय समयमा बालबालिकाद्वारा आत्महत्या गर्ने, विद्यालय जान नमान्ने, अनावश्यक रूपमा रिसाउने, चिडचिडाहट हुने, निराश भएर बस्ने जस्ता घटनाहरू घटिरहेको पाइन्छ । यी घटनाहरूलाई बालबालिकामाथि परेको मनोवैज्ञानिक असरको उदाहरणको रूपमा लिन सकिन्छ। यस्तो कार्य सामान्यता निजहरूमाथि हुने गरेको शारीरिक सजायको परिणाम हो । उनीहरूलाई अनुशासित र अध्ययनशील बनाउने नाममा गरिएका गलत कार्यहरू हुन् । बालबालिकालाई अनुशासित बनाउने अन्य वैकल्पिक उपायहरू भएपनि सो विषयमा अभिभावक तथा शिक्षकहरूलाई सुसूचित बनाउनु आजको आवश्यकता हो । शारीरिक दण्ड एक किसिमको भौतिक सजाय हो । कसैले गरेको गलत कार्य रोक्ने, कसैको गलत आनीबानी सुधारी अनुशासित तुल्याउन वा कसैको अस्वीकार्य मनोवृत्ति सुधार्न भनी जानाजान दिइने चरम यातना यस अन्तर्गत पर्दछन् । कसैले गरेको गलत व्यवहारका लागि सजाय दिने विधिको रूपमा न्यायिक, घरेलु एवम् शैक्षिक परिवेशमा शारीरिक दण्ड प्रयोग गरिन्छ ।

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारका विस्तृत कार्यहरूका साथसाथै आफ्ना स्थापनाकालदेखि बालअधिकारको संरक्षण तथा सम्वर्द्धनको लागि कार्य गरिरहेको छ । दशवर्षे सशस्त्र द्वन्द्वकालमा पनि बालअधिकारको संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्य प्राथमिकताको सूचीमा थियो । उक्त अवधिमा पनि र आयोगमा छुटै बालअधिकार डेस्कको स्थापना गरी बालअधिकारको संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्य गरेको थियो । यस कार्यमा पछिल्लो अवधिमा सेभ द चिल्ड्रेनको परियोजनाबाट समेत थप श्रोत परिचालन भई कार्यक्षेत्र फराकिलो भएको छ। बालअधिकारको उल्लंघनका उजुरीउपर आवश्यक कारवाही गर्नेदेखि लिएर उजुरीहरू उपर अनुसन्धान तथा अनुगमन गर्ने कार्यहरूले स्थापना कालदेखि नै निरन्तरता पाइरहेका छन् । आयोगले विभिन्न संचार माध्यम तथा अन्य कुनै भरपर्दो सूचनाहरूको आधारमा यस्तो कार्यहरू गरी सोको प्रतिवेदन आवश्यकता अनुसार सार्वजनिक गर्ने गरेको छ ।

बाल हकहित संरक्षण र सम्वर्द्धनको निम्ति आयोगले बालअधिकारको हनन् र ज्यादतिको विषयमा उजुरीहरू ग्रहण गर्ने, उजुरीहरू माथि अनुसन्धान गर्ने बालअधिकार प्रतिकूल हुनसक्ने विषय वस्तुहरूमा त्यसको रोकथाम, नियन्त्रणको नियमित अनुगमन र सतर्कता सम्बन्धी कार्यहरू गर्नाको साथै बालअधिकारको सम्बर्द्धन र मूल प्रवाहीकरणको निम्ति विभिन्न कार्यहरू सम्पादन गर्दै आइरहेको छ ।

**शारीरिक सजायविरुद्ध बालबालिकाको अधिकार**

नेपालमा बालबालिकाको हकहितका सम्बन्धमा व्यवस्था गर्न बनेको बालबालिका सम्बन्धी ऐन, २०४८ ले निर्मम र क्रूर व्यवहार गर्नबाट निषेध गरी बानी व्यहोरा सुधार गर्ने प्रयोजनका लागि भने सामान्य रूपमा पिट्न पाउने व्यवस्था ऐनको दफा ७ ले गरेको भएपनि पिट्न पाउने व्यवस्थालाई सर्वोच्च अदालतले खारेज गरेको छ । बाबु, आमा, परिवारका सदस्य संरक्षक वा शिक्षकले बालकको हितका लागि हप्काएकोमा यस दफाको उल्लंघन गरेको नमानिने व्यवस्था कायमै छ ।

तर नेपाल राज्यपक्ष भएको बालअधिकार सम्बन्धी महासन्धिको धारा १९ अनुसार बालबालिकाविरूद्ध परिचालित सबै प्रकारका शारीरिक र मानसिक

हिंसा, घाउचोट र दुर्व्यबहार, उपेक्षा र उपेक्षित व्यवहार र शोषणलाई रोकथाम गर्न राज्यले उपयुक्त कानुनी, प्रशासनिक, सामाजिक र शैक्षिक सुधारको उपायहरू अङ्गाल्नुपर्ने कुरा उल्लेख छ । बालबालिकासम्बन्धी प्रस्तावित नयाँ विधेयकमा विद्यमान कानुनमा रहेका कमी कमजोरीहरूलाई हटाई बालसंरक्षण र हकहितको सुनिश्चितताको निम्ति आवश्यक व्यवस्था गर्नुपर्ने भनी उल्लेख गरेको छ ।

## शारिरिक दण्ड र आयोग

विद्यालयमा हुने शारीरिक दण्डलाई निरूत्साहित पार्न राष्ट्रिय मानव अधिकार आयोगले केन्द्रीय तथा क्षेत्रीय र जिल्लागत तहमा विविध चेतनामूलक कार्यक्रमहरू गर्दैआएको छ । आयोगबाट आयोजित कार्यक्रमबाट शिक्षक, विद्यार्थी, सामाजिक संघसंस्था तथा सरकारी र निजी विद्यालयहरूलाई यथेष्ट सूचना र जानकारीहरू संप्रेषण भइरहेका छन् । शारीरिक दण्ड दिनेलाई कानुनबमोजिमको कारवाही गर्न आयोगले नेपाल सरकारसँग पटक पटक प्रयास गरिरहेको छ ।

शारीरिक दण्ड भएको भन्ने सम्बन्धमा प्राप्त उजुरीहरूउपर आयोगले प्राथमिकताका साथ अनुसन्धान गर्ने तथा आवश्यकता अनुसार त्यस्ता स्थानहरूको अनुगमन गर्ने समेत गरेको छ । यससम्बन्धमा हिरासत, अनाथालय, बालसुधार केन्द्र तथा विभिन्न व्यक्तिहरूका निजी निवासहरूमा समेत आयोगले अनुगमनको कार्यहरू गरेको छ । बालबालिकालाई अध्ययनशील वा अनुशासित बनाउने वा कुनै पनि निहुँमा शारीरिक, मानसिक र बौद्धिक विकासमा नकारात्मक असर पर्ने गरी कुनैपनि कार्यवाही गर्नु हुदैन । यस बिषयमा विभिन्न समयमा परेका उजुरी र अन्य घटनाहरूको अध्ययन, अनुगमन र अनुसन्धान गरी बालबालिकाविरूद्ध परिलक्षित हिंसाहरू खास गरी विद्यालयमा हुने गरिने शारीरिक सजाँयहरूको रोकथाम र नियन्त्रण गर्ने उदेश्यले आयोगले २०६७ साल पुस ११ गते विद्यालय बालसंरक्षण नीति पारित गरी कार्यान्वयनको निम्ति नेपाल सरकारलाई सिफारिस गरेको छ । उक्त नीतिको परिच्छेद ३ को ३.२.५ मा भनिएको छ "विद्यालयमा दण्डरहित शिक्षण सिकाइको व्यवस्था गरिने, अनुशासन पालन गर्न र विद्यालयको नियम पालना गर्न बैकल्पिक र सकारात्मक उपायको व्यवस्थापन गरिने, विद्यार्थीको मनो-सामाजिक समस्या समाधान गरी पठनपाठनमा लगाव

कायम गर्न आवश्यक मनोविमर्शकर्ताको व्यवस्था गरिने तथा यस बिषयमा शिक्षकहरूको ज्ञान सीप अभिबृद्धिको लागि आवश्यक तालिम गरिने छ।"

## सर्वोच्च अदालतको आदेश

यातना पीडित सरोकार केन्द्रका देवेन्द्र आले, श्यामबावु काफ्ले, डा. विदुर वस्ती, सत्यनारायण अधिकारी विरूद्ध तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय, शिक्षा मन्त्रालय, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत भएको २०६१ सालको रीट नम्बर ५७ मा बालबालिका सम्बन्धी ऐनको दफा ७ मा हुने भनी उल्लेख भएको प्रावधानलाई खारेज गर्दै आजका बालबालिका भोलिका भविष्य हुन् यिनीहरूको सर्वाङ्गीण विकासको लागि राज्यले उपयुक्त वातावरण सिर्जना गर्नुपर्ने हुन्छ। विकासको उपयुक्त वातावरण, यातनारहित र सम्मानपूर्ण जीवन व्यतित गर्दै आफ्नो व्यक्तित्व विकास गर्ने अवसर बालबालिकाको सर्वाङ्गीण विकासका परम आवश्यक तत्वहरू हुन्। उक्त कुरालाई विपक्षीहरूले पनि स्वीकार गरेका छ। निवेदककातर्फबाट पेश गरिएका विभिन्न सन्दर्भ सामग्रीहरू यथार्थ रहेको अवस्था विद्यालयका शिक्षक वा अभिभावकहरूले अनुशासन कायम गर्ने नाममा बालबालिकालाई दिने विभिन्न प्रकारका यातना र सजायका कारण बालबालिकामा नकारात्मक असर पर्न जान्छ। व्यवहारिक जीवनमा बालबालिकामाथि यातनाजन्य क्रियाकलापहरू भएका कतिपय घटनाहरूलाई निवेदकले यस अदालतको जानकारीमा ल्याउनुभएको अवस्था छ। त्यस्ता यातनाजन्य व्यवहार हुनु र गरिनु कानुनसम्मत र विवेकसम्मत हुँदैन भन्ने लगायतका कुराहरूको विस्तृतरूपमा उल्लेख गरेको अवस्था छ। विद्यालयमा भएको शारीरिक सजायविरूद्ध सम्भवतः नेपालमा पहिलो पटक ललितपुर जिल्लाको अदालतले ललितपुर जिल्लाको एक विद्यालयमा कार्यरत एकजना शिक्षकलाई २०६३ सालमा पाँचहजार रूपैँया जरिवाना गरेको छ। उक्त फैसलालाई पुनरावेदन अदालत पाटनले समेत सदर गरेको अवस्था छ।

## विद्यार्थीहरूलाई अनुशासनमा राख्ने वैकल्पिक विधिहरू

विद्यालयमा विद्यार्थीले प्रदर्शित गर्ने अभद्र वा अवाञ्छित व्यवहारलाई कम गर्ने सबैभन्दा राम्रो तरिका त्यसको रोकथाम हो। विद्यालयमा असल अनुशासन भएमा यसले अभद्र वा अवाञ्छित व्यवहारलाई रोक्नुका साथै सही र भद्र

व्यवहार पनि सिकाउने र व्यवहारजन्य समस्यासँग मुकाबिला गर्ने सीपहरु पनि सिकाउँछ । यस्ता थुप्रै कार्यक्रमहरु छन् जुन ज्यादै प्रभावशाली पनि देखिएका छन् । तल उल्लिखित सबै वैकल्पिक विधिहरु सबै सामाजिक, सांस्कृतिक र पारिवारिक परिवेशमा प्रयोग गर्दा प्रभावकारी हुन्छ नै भन्न सकिन्न ।

**१. चरित्र सुधार्ने शिक्षा कार्यक्रम:** यसका पाठ्यक्रममा बालबालिकालाई उनीहरुका व्यवहारले कसरी अरूलाई प्रभावित पार्न सक्दछ भन्नेबारे सोच्न सिकाइन्छ । यसबाहेक  रीसलाई कसरी व्यवस्थापन गर्ने र कसरी असल कुरा चयन गर्ने भन्ने पनि सिकाउँछ ।

**२. विद्यार्थी अभिज्ञान कार्यक्रम:** सामान्य मूल्यहरु जस्तैः गौरव, आदर, उत्तरदायित्व, सहयोग र इमानदारिता इत्यादि  सिकाइन्छ । यस्ता मूल्य र मान्यता प्रदर्शित गर्ने विद्यार्थीहरुलाई समय-समयमा कार्यक्रम गरी सम्मान गर्ने व्यवस्था गर्नुपर्दछ र वर्षभरिमा प्रत्येक विद्यार्थीले सम्मान पाओस् भन्ने ख्याल राख्नु पर्दछ ।

**३. दौँतरी मध्यस्थता: (Peer Mediation)**: दौँतरी मध्यस्थताबारे पनि तालिम दिइन्छ । फलस्वरुप विद्यार्थीहरुबीचको द्वन्द्व पञ्छाउन मद्दत गर्दछ, अन्यथा त्यस्ता क्रियाकलापहरू हिंसात्मक बन्न सक्दछन्      जसले दण्डहीनताको स्थिति पैदा गर्न सक्छ ।

**४. पुनर्स्थापकीय न्यायको प्रयोग:** विद्यार्थीहरुले अभद्र व्यवहारद्वारा ज-जसलाई नोक्सानी पुऱ्याएको छ उनीहरुको सुनुवाइपछि विद्यार्थीलाई परिस्थिति र आफ्नो व्यवहारलाई सम्बन्ध पुनः स्थापित गरेर क्षमा-याचना गरेर, लिएको तिरेर र सामुदायिक सेवा गरेर सच्याउने मौका दिइन्छ ।

**५ मनोविमर्श:** विद्यार्थीहरुको मनोसामाजिक वा मनोवैज्ञानिक समस्याहरु विशेषज्ञबाट समाधान गर्ने प्रक्रियामा मनोपरामर्श दिइन्छ । मानसिक, सामाजिक वा शैक्षिक समस्याहरु नभएका मानिसहरु वा विद्यार्थीहरु नै हुँदैन । समस्याको प्रकृति वा तीव्रतामा फरक हुन सक्छ । सम्भव भएमा विद्यालयमा नै एक मनोपरामर्शदाताको व्यवस्था  भएमा राम्रो हुनेछ । मनोपरामर्शदाताले पनि विद्यालयको अनुशासन व्यवस्थापनमा सहयोग गर्न सक्छन् । समस्याग्रस्त भएका विद्यार्थीहरुलाई मनोपरामर्शदाताले वैयक्तिक वा समूहमा परामर्श सत्र

सञ्चालन गर्न सक्छन् ।

**नेपाल सरकारको नीतिगत व्यवस्था**

१. विद्यालय वातावरणमा शारीरिक सजायलाई प्रतिबन्ध गर्ने व्यवस्था गरिनेछ ।

२. परिवार तथा समुदायमा सजायरहित सामाजिकीकरणका लागि प्रबर्द्धनात्मक तथा सचेतनात्मक कार्यक्रमहरू ल्याइनेछ ।

३. पाठ्यक्रम र पाठ्यपुस्तकलाई सम्मानजनक तथा भयमुक्त सिकाइ अवसर प्रवर्द्धन गर्ने गरी अद्यावधिक र अनुकूल बनाइने छ ।

४. विद्यालयमा भयमुक्त र सम्मानजनक सिकाइ वातावरण सिर्जना गरी बालबालिकाको सकारात्मक व्यवहार विकासको लागि शिक्षकहरूको क्षमता विकास गर्न शिक्षक तालिम पाठ्यक्रम, तालिम सामग्री र तालिम सञ्चालन प्रक्रियालाई भयमुक्त सिकाइ वातावरण अनुकूल हुनेगरी विकास एवं परिमार्जन गरिने छ ।

५. विद्यालयलाई भयमुक्त सिकाइ र बालमैत्री वातावरणको केन्द्रबिन्दु बनाई यसका लागि सम्बद्ध सबै निकायबाट सहयोग परिचालन गरिने छ ।

६. भयमुक्त बालमैत्री सिकाइ वातावरणमा बालबालिकाको सम्मानजनक सिकाइका लागि शिक्षकहरूको क्षमता बृद्धि गरिनेछ ।

७. पठन-पाठनका क्रममा दिइने कुनै पनि सजायलाई अमान्य हुने गरी विद्यालयको आफ्नो नीति बनाउन सहयोग र सहजीकरण गरिनेछ ।

८. सम्बद्ध सबै सरोकारवालाहरूबाट भयमुक्त सिकाइ वातावरण निर्माणमा सकारात्मक सहयोग प्राप्त गर्न उनीहरूको क्षमता विकास गरिनेछ ।

९. भयमुक्त सिकाइ वातावरण सिर्जना गर्न क्रियाशील सरकारी तथा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सञ्जाल विकास गरी प्रभावकारी कार्यान्वयनका लागि प्रोत्साहन गरिनेछ ।

१०. बालमैत्री भयमुक्त सिकाइ वातावरण निर्माण र प्रयोगका क्षेत्रमा भएका अभ्यासहरूलाई प्रोत्साहित गरिनेछ ।

बाल बिज्याइँ, चञ्चलता वा अनुशासनको नाममा कुनै पनि बालबलिकालाई शारीरिक दण्ड दिन हुँदैन । बालबालिकाको शारीरिक तथा मानसिक विकास

पूर्णरूपमा भइनसकेको हुने हुँदा तिनले आफ्नो अधिकारको लागि आफैँ बोल्न कठिन हुन्छ । बालबालिकाहरू पनि कानुनले तोकेबमोजिम सबै पक्षका मानवअधिकारका हकदार हुने हुँदा त्यसको परिपूर्तिको लागि सबै पक्ष जिम्मवार हुन जरूरी छ । अत: बालबालिका माथि हुने सबैप्रकारका शारीरिक दण्ड सजायउपर आयोगले उजुरी ग्रहण गरी पीडित माथि कानुनी कार्यवाही तथा पीडितको राहत, क्षतिपूर्ति एवं परिपूरणको लागि सकृयतापूर्वक कार्य गरिरहेको छ ।

कुनै पनि बालबालिकाको बालअधिकारको हनन् भएमा तथा कुनै पनि बालबालिकालाई शारीरिक दण्ड भएमा आयोगको कुनै पनि कार्यालयमा उजुरी गर्न सकिनेछ । बालअधिकारको सम्मान गर्नु हामी सबैको कर्तव्य र जिम्मेवारी पनि हो । बालबालिका माथि हुने दुर्व्यवहार र शारीरक दण्डविरूद्धको कार्यमा हातेमालो गरौँ । बालअधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा हामी सबै जिम्मेवार बनौँ ।